जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)

Greater Nepal Weekly साप्ताहिक

वर्ष ६ अंक १७, २०७४ साल साउन २० गते शुक्रबार, नेपाल संवत् ११३७ (Aug. 4, 2017) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

## वर्षासँगै महामारी बढ्यो

काठमाडौं । नेपालमा फेरि स्वाइनफ्लुको आतंक बढेको छ । विशेष गरी तराईका जिल्लाहरुमा मनसुनको समयमा स्वाइन फ्लुले धेरैको ज्यान दिने गरेको छ । झापाको बिर्तामोडमा स्वाइनफ्लुले २ जनाको ज्यान गइसकेको छ । नेपालगन्ज अस्पतालमा हालै दैनिक दर्जनको संख्यामा बिरामी आउने गरेको र बिरामी जाँच्ने किटको अभावमा पहिचानमा समस्या भएको अस्पताल सूत्रले जनाएको छ ।

अस्पतालमा आउने बिरामीमध्ये टाउको दुख्ने, शरीर दुख्ने, ज्वरो आउने, बाँकी ८ पेजमा

## वाग्ले बने उपाध्यक्ष



काठमाडौं । हिजो बसेको मन्त्रिपरिषद् बैठकले राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा अर्थशास्त्री डा. स्वर्णिम वाग्लेलाई नियुक्त गर्ने निर्णय गरेको छ । यसअघि वाग्ले आयोगको सदस्य थिए । सार्वजनिक वित्त, अन्तर्राष्ट्रिय व्यापार, लगानी र प्रतिस्पर्धात्मक क्षमताका विज्ञ वाग्ले यसअघि तत्काल प्रधानमन्त्री सुशील कोइरालाको सरकारमा पनि योजना आयोगका सदस्य थिए । अष्ट्रेलियाको अष्ट्रेलियन नेशनल विश्वविद्यालयबाट अर्थशास्त्रमा विद्यावारिधि गरेका वाग्लेले अमेरिकाको हार्भड बाँकी ८ पेजमा

# नेपालको सार्वभौमिकतामाथि फेरि भारतीय धावा

'भर्खरै मात्र लिपुलेक हान्यो तिब्बती नाकाको
मुटुको टुक्रा निकालिदियो पहाडी पाखाको'

पत्रकार तेजेन्द्र प्रसाईंले रचना गरेको देशभक्ति गानका यी हरफरहरु लिपुलेक अतिक्रमण गरेको समयमा रचिएका हुन् । लिपुलेक वास्तवमा नेपालको पश्चिम उत्तरी त्रिदेशीय सीमाको मुटुको टुक्रा हो । सामरिक तथा व्यापारिक दृष्टिकोणले महत्वपूर्ण मानिने लिपुलेक भारत, चीन दुवैतर्फबाट अतिक्रमित भएको चर्चा अहिले केही सेलाएको अवस्थामा भारतले पैदलमार्ग निर्माण गरेर पुनः तताउने काम गरेको छ । भारतको लोक निर्माण विभागले लिपुलेकदेखि उत्तरतिर दुई किलोमिटर नेपाली क्षेत्रमा पदमार्ग निर्माण गरेको हो ।

लिपुलेक क्षेत्रमा दुई किलोमिटरसम्म पदमार्ग बनाएपछि कैलाश पर्वतको दर्शन गर्न सजिलो भएको भारतीय सञ्चारमाध्यमहरुले जनाएका छन् । दुई वर्ष लगाएर निर्माण गरिएको सो पदमार्ग निर्माण गर्न भारत सरकारले लोक निर्माण विभागबाट १५ लाख रुपैयाँभन्दा बढी खर्च गरेको २८ जुलाईमा उत्तराखण्डबाट प्रकाशित हिन्दुस्तान दैनिकले लेखेको छ । पत्रिकाका अनुसार पर्यटकलाई सो पदमार्ग हुँदै कैलाश पर्वत जान सजिलो हुनेछ । लिपुलेक क्षेत्रबाट वर्षौं पहिले स्थानीयबासीले तिब्बतसँग व्यापार गर्ने गर्थे । भेडाच्याङ्ग्रा र घोडा खच्चडमा सामान लिएर स्थानीयबासीले व्यापार व्यवसाय सञ्चालन गर्ने गरेका थिए । सो बाटोमै भारतीय पक्षले पदमार्ग बनाएको हो । यो पदमार्गमा नेपालीहरुलाई भरियाबाहेक अन्य रुपमा प्रवेश गर्न भारतीय पक्षले रोक लगाएको छ । अहिले सीतापुलबाट नेपाल छिरेर छाङरुतिंक हुँदै ताक्लाकोटसम्म भारतीयहरु निर्वाध आवतजावत गरिरहेका छन् । भारतले लिपुलेक सुरक्षाका दृष्टिकोणले मात्रै लिपुलेक कब्जा नगरी पर्यटकीय सम्भावनालाई विस्तार गर्न नेपाली क्षेत्रमा सडक बनाएको बुझ्न गाह्रो छैन । सोही पदमार्ग भएर हिन्दू धर्मावलम्बीहरु आफ्नो पवित्र तीर्थस्थल मानसरोवर दर्शन गर्न जाने गर्छन् । १ अर्ब २५ करोड भारतीयहरुमध्ये ८० प्रतिशत हिन्दूहरु छन् । कैलाश मानसरोवर देवादीदेव महादेवको बसोबास रहेको पुण्यभूमि मानिन्छ । हिमालयपुत्री पार्वतीलाई विवाह गरेर भगवान शिवले कैलाश पर्वत क्षेत्रमा भित्र्याएको शिवपुराणमा उल्लेख गरिएको पाइन्छ । कैलाशमा बसोबास गर्ने भएकैले शिवलाई शैलेश्वर र पार्वतीलाई सैलेश्वरीका रुपमा चिनिन्छ । मानसरोवरको दर्शन गरी पुण्य आर्जन गर्न चाहने हिन्दूहरुका लागि लिपुलेक पदमार्ग धार्मिक पर्यटनका लागि उपयुक्त भएकैले भारतले सो नेपाली भूमिमाथि हस्तक्षेप गरेको हो । हालको भारतको उत्तराखण्ड राज्यसमेत सन् १८१६ को अंग्रेजसँगको सुगौली सन्धिअघि नेपालकै भूभाग थियो ।

नेपाल भारतभन्दा २२ गुणा र चीनभन्दा ६८ गुणा सानो छ भौगोलिक रुपमा । तर नेपालको भौगोलिक अवस्थिति सामरिक दृष्टिकोणले




अत्यन्त महत्वपूर्ण रहेको छ । चीन र भारतको बीचमा रहेका कारण परमाणु शक्ति सम्पन्न यी दुई देशबीच युद्ध भएमा नेपाल रणनीतिक रुपले महत्वपूर्ण क्षेत्र मानिन्छ । नेपालको भौगोलिक अवस्थितिलाई चीन भारत दुवैले अत्यन्त महत्व दिएका छन् ।

चीन नेपाललाई आफ्नो स्वशासित क्षेत्र तिब्बतको रक्षाकवचका रुपमा लिन्छ भने भारत सुरक्षा र आतंकवादका दृष्टिले नेपाललाई महत्वका साथ हेर्ने गर्छ । भारतसँग नेपालको खुला सीमा छ र दुवै देशका नागरिकहरु निर्वाध रुपले आवतजावत गर्छन् । तर चीनलाई हिमालय पर्वत श्रृंखलाले छेकेका कारण नेपाली र चिनियाँबीच आवतजावतका लागि सुगमता छैन । चीनसँग जोडिएका १४ वटा नाकाहरु सुचारु गर्ने काम भइरहेका छन् । यी नाकाहरु खुलेमा चीन र नेपालबीचको सम्बन्धमा नयाँ आयाम थपिने र नेपालको भारतमाथिको परनिर्भरता घट्ने निश्चित छ । नेपालको तीनतिरै भारतीय सीमा छ । तराईको पूर्व झापादेखि सुदूरपश्चिमको कञ्चनपुरलगायतका जिल्लाहरु भारतीय सीमासँग जोडिएका छन् । भारतसँग १८०० वर्गकिलोमिटर लामो नेपालको सीमा क्षेत्र रहेको छ । खुला सीमाका कारण विशेषतः तराईमा आप्रबासी भारतीयहरुको घूसपैठ बढ्दो छ । झन्डै ४५ लाख भारतीयहरुले नेपाली नागरिकता प्राप्त गरिसकेको एक तथ्यांकले बताएको छ । नेपालको नागरिकता प्राप्त गर्ने वैधानिक व्यवस्था खुकुलो भएका कारण भारतीयहरुले यसरी नेपाली नागरिकता पाउन सकेका हुन् । कथित मधेसवादी दलहरु नागरिकताको प्रावधानलाई अझ खुला बनाउँदै अंगीकृत नागरिकलाई राज्यको विशिष्ट संवैधानिक पदमा पुग्ने बाटो सहज बनाउन खोज्दैछन् । भारतले नागरिकताकै विषयमा टाङ अड्याउँदै नेपालको संविधानलाई अहिलेसम्म समर्थन गरेको छैन ।

नेपाल भूकम्प सन् २०१५ को चपेटामा परेका बेला भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले चीन भ्रमण गरेका थिए । भ्रमणको अन्त्यमा १६ मे २०१५ मा प्रकाशित संयुक्त बाँकी ८ पेजमा

## कहाँ कुदाउने यति धेरै गाडी ?

■ रामशरण रिमाल



काठमाडौं । ट्राफिक जामका कारण काठमाडौंका सडक छिचोलिनसक्नु भएका छन् । अफिस टाइममा मात्र नभएर जुनसुकै बेला जामको समस्या भोग्नुपर्ने हुन्छ । चावहिल, कोटेश्वरका सडकमा हुने जाम पहिला चर्चामा थिए तर अहिले जाम नहुने सडक नै छैनन् । पर्याप्त सडक नबनेका र भएका सडकहरु पनि खाल्डाखुल्डी भएका कारण पनि जामलाई प्रोत्साहन मिल्ने गरेको छ । सडक पूर्वाधारको अन्दाजबिनै राजस्वको लोभमा सरकारले जथाभावी गाडी आयात गर्ने कामलाई प्रोत्साहन गर्दै आएको छ ।

आर्थिक वर्ष २०७३।७४ को तथ्यांक हेर्ने हो भने देशभर ४ लाख चवालीस हजार दुई सय ५९ वटा सवारी साधन थपिएका छन् । यातायात व्यवस्था विभागको तथ्यांकअनुसार ०७२।७३ मा भन्दा गत आवमा १ लाख ४ हजार ९४ बढी सवारी साधन आयात भएका छन् । यसरी आयात भएका सवारी साधनमा मोटरसाइकलको संख्या सबैभन्दा बढी रहेको छ ।

सरकारको गलत नीतिका कारण पेट्रोलियम पदार्थ एक थोपा पनि उत्पादन नहुने मुलुकमा यति धेरै सवारी साधन थपिएका छन् । सबैभन्दा बढी सवारी साधन चल्ने काठमाडौं उपत्यका २६ किलोमिटरमा वारपार हुन्छ । त्रिपुरेश्वरदेखि सूर्यविनायकसम्म पहिला १३ किलोमिटरमा विद्युत चालित ट्रलीबस चल्ने गरेको थियो । अहिले त्यो कवाडीमा गइसक्यो । साइकलले भ्याउने दूरी पनि अहिले मोटरसाइकल अपरिहार्य भएको छ । सडक निर्माण गर्दा साइकल लेन नबनाएका कारण साइकलयात्रा अत्यन्तै जोखिमपूर्ण भएको छ । बाँकी ८ पेजमा

## सांसदलाई पनि पेन्सन चाहियो रे

■ किरण थापा

काठमाडौं । सरकारी कर्मचारीलाई दिने पेन्सनको भारले मुलुकको अर्थतन्त्रलाई नै नराम्रोसँग थिच्ने भएपछि अहिले योगदानमा आधारित पेन्सनको बहस चलिरहेको छ । सरकारी कर्मचारीलाई पेन्सनबापत गत वर्ष ३७ अर्ब खर्च भयो भने आगामी वर्ष ४५ अर्ब खर्च हुँदैछ । कुल बजेटको ठूलो हिस्सा कर्मचारीको तलबमा खर्च भइरहेको अवस्थामा पेन्सनको भारले उत्तिकै पिरोल्ने गरेको छ । अहिलेसम्म २ लाख ३६ हजार ७ सय १९ सेवानिवृत्त कर्मचारीले पेन्सन लिइरहेका छन् ।

कर्मचारीको पेन्सनको भार खेपिरहेको मुलुकले अब पूर्व भीआईपी पदाधिकारीलाई पनि आजीवन सुविधा दिँदा थप आर्थिक ७ करोडको व्ययभार व्यहोर्नुपर्ने भएको छ । पूर्वराष्ट्रपति उपराष्ट्रपतिदेखि पूर्वसभामुखहरुसम्मलाई मासिक ठूलो रकम विभिन्न शीर्षकमा भर्नुपर्ने भएको छ । यसैबीच पूर्व सांसदहरुलाई पनि नियमित पेन्सन चाहियो भनेर माग हुन थालेको छ । आन्दोलनको सफलतापछि आफूखुसी भागबन्डा गरेर नियुक्ति गरेका सांसद सदस्यहरु अहिले भूपूको बिल्ला लगाएर गल्लीमा घुमिरहेको देखिन्छन् ।

६०१ को जम्बो संसद सदस्यको लर्को दुईपल्ट भूपू भइसक्दा जता हेर्‍यो भूपू सांसद भेटिने अवस्था रहन्छ । अब यी सबैलाई सुविधा दिने हो भने राज्यकोषको सम्पूर्ण रकम भूपूहरुको स्याहार सुसारमा सकिन्छ ।

मुलुकमा आएको लोकतन्त्रको सबैभन्दा बढी फाइदा नेता र कर्मचारीहरुले उठाएका छन् । आम जनतालाई राज्यले कुनै सुविधा नदिए पनि विभिन्न खाले ट्याक्स लगाएर निचोर्ने क्रम भने बाँकी ८ पेजमा

## उकासिंदै व्यापारघाटा

काठमाडौं । नेपालको व्यापारघाटा कहालिलाग्दो ढंगले बढ्दै गएको छ । कृषिजन्य वस्तुमा आत्मनिर्भर बन्न सके मात्र खर्बौंको आयात प्रतिस्थापन हुन्छ । तर कृषिप्रधान देश नेपालमा चामलदेखि दालसमेत विशेषतः भारतबाट आयात भइरहेको छ । गत आर्थिक वर्षमा नौ खर्ब ८४ खर्ब रुपैयाँको वस्तु नेपाल भित्रिएका थिए । तर निर्यात ७४ अर्ब ७१ करोडमा सीमित रह्यो । १ रुपैयाँको वस्तु बेच्दा नेपालले १३ रुपैयाँको वस्तु किनेको छ । आयात २७ प्रतिशतले वृद्धि भएर वर्षभरिको व्यापारघाटा नौ खर्ब नौ अर्ब पुगेको छ । यो व्यापारघाटा अघिल्लो वर्षको तुलनामा २९ प्रतिशतले बढी हो । एक वर्षमा व्यापारघाटा दुई खर्ब पाँच अर्बले बढेको छ ।

भारतसँग मात्र नेपालले ६ खर्बको व्यापारघाटा व्यहोरेको छ । कुल व्यापारको एक तिहाई भारतसँग हुँदै आएको छ । नेपालमा नबन्ने सवारी साधन, तिनका पार्टसहरु, पेट्रोलियम पदार्थ, इलेक्ट्रोनिक्स बाँकी ८ पेजमा

## पुरीले ओलीसँग के गरे खासखुस ?

काठमाडौं । नेपालका लागि भारतीय राजदूत मञ्जिभ सिंह पुरीले एमाले अध्यक्ष केपी ओलीलाई हिजो उनकै निवास बालुवाटारमा भेटवार्ता गरेका छन् । भेटमा पुरीले भारतको स्वतन्त्रता दिवसका अवसरमा आयोजना हुने कार्यक्रममा निम्ता पनि दिएका छन् । दिवसमा भारतीय विदेशमन्त्री सुष्मा स्वराज पनि उपस्थित हुने जानकारी गराउँदै ओलीलाई उपस्थितिका लागि आग्रह गरेका छन् ।

संविधानसभाबाट संविधान जारी गर्ने विषयदेखि सुरु भएको ओली-मोदी खटपटले सम्बन्धमा तिक्तता ल्याएको छ । 'एमालेलाई घेराबन्दी गरेर कमजोर पार्न सकिन्छ भनेर गरेको प्रयास नेपाली जनताले चुनावबाट परास्त गरिदिएपछि राष्ट्रिय स्वार्थका लागि पनि भारतले एमालेसँग मिलेर अघि बढ्न खोजेजस्तो देखिन्छ', एमाले एक नेताले बताए । भारतका लागि पूर्वराजदूत प्राध्यापक लोकराज बरालले ओलीलाई 'स्पेसल' निम्ता दिएर भारतले एमालेसँग सम्बन्ध सुधार गर्न खोजेको बताए । 'सबै पक्षको सहयोग लिएर अघि बढ्ने र ओलीलाई केही लागेको छ भने त्यो कुरा पनि सुन्ने पक्षमा भारत देखिन्छ,' बरालले भने ।

निम्ता दिन गएका राजदूत पुरीसँग ओलीले झन्डै २ घन्टा कुराकानी गरेको उनको निजी सचिवालयले जनाएको छ । नेपाल-भारत सम्बन्ध जनस्तर र नेतृत्व तहमा राम्रो भए पनि बिचौलिया र आफ्नो स्वार्थअनुसार काम गर्ने एक/डेढ दर्जन मान्छेका कारण बिग्रेको कुरा ओलीले राजदूत पुरीलाई बताएका थिए । ओलीका स्वकीय सचिव अनिष दाहालका अनुसार राजदूत पुरीले पनि नेपाल र भारतको बाँकी ८ पेजमा

समय-सन्दर्भ |

## आश्चर्यजनक गतिको सुपरपावर

नेत्र राजवंशी



दोस्रो विश्वयुद्धको समाप्तिसँगै विश्व दुई ध्रुवमा विभाजित भयो । लामो समय शीतयुद्धकालको अवस्थाबाट गुज्रियो । नब्बेको दशकमा सोभियत संघको विघटनसँगै विश्वमा साम्यवादी खेमा कमजोर बन्न पुग्यो । पुँजीवादी खेमा मजबुत मात्रै बनेन उसको संसारमा एकलौटी नै चल्यो । आज पनि अमेरिका विश्वको सुपरपावर हो । कसैले रसियालाई सुपरपावरका रुपमा लिन्छन् भने चीन पनि अहिलेको उदाउँदो सुपरपावर राष्ट्र हो । पछिल्लो समयमा रुस चीन लगायतका देशहरु अमेरिकासँग टक्कर लिन सक्षम बनेका छन् । आर्थिक विकासको हिसाबले हेर्ने हो भने अहिले विश्वबजारमा छाएको चीन धेरै अघि बढिसकेको छ । उसले पछिल्ला वर्षमा रक्षा बजेटमा भारी मात्रामा वृद्धि गरेको छ । यो सबै मानवीय गतिविधिको उपज हो मानव यस धरतीको सर्वश्रेष्ठ एउटै प्राणी हो । तर जनावरमा को होला सुपरपावर ? धेरैले सिंहलाई सुपरपावर मान्छन् । यो हिंस्रक प्राणीलाई 'जंगलको राजा' उपनामले चिनिन्छ । बिरालो प्रजातिको जनावरमध्येमा सिंह सबभन्दा ठूलो जनावर हो र यसको सामान्यतया तौल २ सय ५० केजीसम्म हुन्छ । सिंह १७ हजार वर्ष पहिलेको पाषण युगदेखि हालसम्म अस्तित्वमा रहेको जनावर हो । जनावर जगतमा बाघ सिंह चितुवालाई शक्तिशाली जनावरको रुपमा हेर्ने गरिन्छ । परम्परागत रुपमा यसका १२ वटा उपप्रजाति यसको उपस्थिति आकार र वितरणका हिसाबले मान्यता प्राप्त गर्छन् ।

जनावरको दुनियाँमा सर्प पनि एउटा सुपरपावर जनावर हो । सर्प सबैभन्दा खतरनाक र चलाख सिकारीमध्ये शीर्षस्थानमा पर्छ । अमेरिकाको क्यालिफोर्नियाको जंगलमा पाइने वेस्टर्न डायमण्डब्याक रेटलस्नेक संसारकै धैर्यवान सिकारी सर्प हो । यो एक्लै लुकेर बस्ने गर्छ र आत्मविश्वासका साथ सिकार पर्खिरहेको हुन्छ । कुनै समय यस्तो पर्खाइ चौबीस महिनासम्मको पनि हुन्छ । दुई वर्षसम्म यो सर्प केही नखाई बाँच्न सक्छ । मौका पाउनासाथ भयानक तरिकाले आफ्नो सिकारमाथि आक्रमण गर्छ । सिकार समाउने यसको हतियार नभएर यसको गति हो । शतप्रतिशत सिकार गर्छ यसले । आफ्नो सिकारमाथि यस सर्पको हमला ४४ देखि ७० मिलिसेकेन्ड हुन्छ । मानिसले एकपटक आँखा झिम्काउन २ सय मिलिसेकेन्ड लाग्छ । यसैबाट थाहा हुन्छ यसले कति छिटो सिकार गर्छ । मानिसले बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक: तेजेन्द्र प्रसाई
प्रबन्ध सम्पादक: कृष्णराज दुलाल
प्रबन्ध निर्देशक: किरण थापा
अतिथि सम्पादक: विष्णु भट्टराई
सम्पादन सहयोगी: घनश्याम ओली/गोविन्द विक
बजार व्यवस्थापन: रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# अबको निकास : मात्र भारतको विखण्डन



**सुरेन्द्र ढकाल**
(अध्यक्ष देपसा मोर्चा)

**दुई पटकको भारत पाक युद्धमा तटस्थ बसेको चीन अब पनि तटस्थै रहने हो भने तिब्बतलाई अमेरिका र भारतले स्वतन्त्र बनाउँछन् भन्ने कुरा अहिले बल्ल आएर चीनले बुझ्यो ।**

सन् १९६२ मा चीनसँगको युद्धमा नराम्ररी पराजय भोग्नु परेपछि भारतको शेखमा राम्रै ठेस लाग्यो । चीनलाई हेप्न नसक्ने देखेपछि भारतले दक्षिण एसियाका आफ्ना कमजोर छिमेकीहरुलाई हेपेर आफ्नो शेखलाई कायम गर्ने रणनीति अख्तियार गर्‍यो । तर सो कार्य एक्लैले गर्न नसक्ने देखी तत्कालिन सोभियत संघसँग भारतले २० वर्षे सैनिक सम्झौता गर्‍यो ।

यस सम्झौताको मक्सद भनेकै सोभियत संघको धाक देखाई चीनलाई दक्षिण एसियाको मामलामा रोक्नु थियो । यही सन्धिको आडमा भारतले सिक्किम निल्यो, पाकिस्तानलाई टुक्र्याइ बंगलादेश बनाइदियो अनि नेपाललाई पनि सिक्किमकै मोडेलमा निल्ने नीति अख्तियार गर्‍यो । नेपालको सिक्किमीकरणको विरुद्ध खरोरुपमा उत्रिएका राजा वीरेन्द्रको शान्ति क्षेत्रको प्रस्ताव मात्रै भारतले मानेन बल्की कालान्तरमा नेपालबाट राजतन्त्रै उखेलेर फाली १२ बुँदे दिल्ली सम्झौता हस्ताक्षर गर्ने आफ्ना एजेन्टहरुमार्फत ४७ लाख भारतीयलाई नेपाली नागरिकता लिन भारत सफल रह्यो र अब वैधानिक रुपबाटै नेपाललाई सिक्किम बनाउने आधारस्तम्भ बनाउन भारत सफल भयो । यति गरिसक्दा सन् १९६२ मा चीनसँग हारेको भारतको मनोबल धेरै उच्च हुन पुग्यो । अब उसले चीनसँग बदला लिने आफ्नो रणनीति बनायो जुन कुरा गर्न भारतलाई अमेरिका र पश्चिम राष्ट्रहरुको सहयोग अपरिहार्य हुन्छ । तब भारतले तिब्बतलाई स्वतन्त्र गर्ने नयाँ एजेण्डामा अमेरिका र पश्चिमका राष्ट्रहरुलाई सहमत गरायो जस्को फलस्वरुप अमेरिकाले भारतलाई चीन बराबरीको आणविक शक्ति बनाउने सम्झौतामा हस्ताक्षर गरेपछि भारतको मनोवल झनै उच्च हुन गयो । अन्तरर्ाष्ट्रिय राजनीतिलाई राम्ररी विश्लेषण गरिराखेको चीनले भारतको दाउपेच नबुझ्ने कुरै थिएन । दुई पटकको भारत पाक युद्धमा तटस्थ बसेको चीन अब पनि तटस्थै रहने हो भने तिब्बतलाई अमेरिका र भारतले स्वतन्त्र बनाउँछन् भन्ने कुरा अहिले बल्ल आएर चीनले बुझ्यो । अब दक्षिण एसियाली देश विशेष गरी नेपाल र भुटानमा चीनको उपस्थितिलाई मजबुत बनाउने सोचअनुरुप अहिले चीन अगाडि बढेको छ । उसले अब नेपाल र भुटानलाई भारतीय परनिर्भरताबाट मुक्त गराउने रणनीति अन्तर्गत नेपाल र भुटानसँग सकेसम्म बढी नाकाहरु खोल्न लागिपरेको बेलामा एकातर्फ गोरखालैण्डको आन्दोलन र दार्जिलिङ र सिक्किममाथि आर्थिक नाकाबन्दी अर्कोतर्फ दोक्लाम घटनाले भारत र चीन आमनेसामने हुने अवस्था आइसकेको छ । उता यसैक्रममा कास्मिरमा पनि हलचल पैदा भई पाकिस्तानलाई पनि भारतसँग पुरानो हारको बदला लिने मौका जुट्दैछ । भुटानका पूर्वप्रधानमन्त्री थिन्लेले चीनसँग दौत्य सम्बन्ध राख्न खोज्दा भारतले यिनलाई पदबाट घोक्रेठ्याक लगाएको थियो । अब थिन्ले समर्थकहरुको भुटानमा दिन आउने निश्चित छ । तामिललाई भारतले उठाएर श्रीलंका विखण्डन गर्न खोजेको घाउ श्रीलंकाले पनि बिर्सेको छैन । यस अवस्थामा अब हुने युद्ध चीन र भारत बीचमात्रै नभई क्षेत्रीय युद्ध हुनेछ । दक्षिण एसियामा भारतको दादागिरी अन्त्य नहोउञ्जेल यस क्षेत्रको आर्थिक विकास हुन पनि नसक्ने हुँदा अबको एकमात्र निकाश भनेको भारत विरुद्धको क्षेत्रीय युद्ध नै हो ।

## सम्पादकीय

# निगमको भ्रष्टाचार छानबिन कहिले ?

लामो समयसम्म घाटामा गएर बल्ल नाफा आर्जन गर्न थालेको सरकारी स्वामित्वको संस्थान नेपाल आयल निगमलाई फेरि घुँडा टेकाउने गरी भ्रष्टाचारजन्य क्रियाकलाप हुन थालेका समाचार सञ्चारमाध्यमहरूमा प्रमुखताका साथ प्रकाशित, प्रसारित भइरहेका छन् । पेट्रोलियम पदार्थको भण्डारण गर्न डिपो बनाउने उद्देश्यले मुलुकभरका विभिन्न ठाउँमा खरिद गरिएका जग्गामा भएको करोडौं भ्रष्टाचारबारे विभिन्न सञ्चारमाध्यमका रिपोर्टरहरूले स्थलगत अध्ययन गरी तथ्यपूर्ण समाचार सम्प्रेषण गरेका छन् । नेपाल आयल निगमका तर्फबाट यसबारेमा चित्तबुझ्दो खण्डन प्रकाशित भएको छैन भने झूटको खेती गरेर पानीमाथि ओभानो हुने खालको कसरत मात्र गरिएको छ । यत्रो ठूलो घोटालामा सरकार केही बोलेको छैन भने संसदको अर्थसमिति अन्तर्गतको उपसमितिले नेपाल आयल निगमले गरेको टेण्डर प्रक्रिया नै भ्रष्टाचारको बाटो बनेको ठहर गरेको छ ।

भौतिक पूर्वाधार निर्माण गर्न जग्गा अधिग्रहण ऐन हुँदाहुँदै आयल निगमले त्यस विपरीत टेण्डर प्रक्रियामा गएर भूमाफियासँगको मिलेमतोमा जग्गा खरिद गरी भ्रष्टाचार गर्ने काम गरेको छ । वास्तविक जग्गाधनीलाई कम मूल्य दिएर बिचौलिया दलाल र निगमका अधिकारीहरूको मिलेमतोमा वारेसनामामार्फत समेत जग्गा पास गराई भ्रष्टाचारको ढाकछोप गर्ने प्रपञ्च रचिएको छ । आयल निगम भ्रष्टाचारको ठूलो अखडा भएको र त्यहाँ प्रबन्ध निर्देशक भएर जान निकै ठूलो सौदाबाजी हुने गरेको छ । त्यतिमात्र होइन, आयल निगमलाई प्रयोग गरेर पैसा कमाउने उद्देश्य बोकी आपूर्ति मन्त्री बन्नेहरूको पनि गतिलै दौडधुप हुने गरेको छ । आयल निगमका अधिकारी र आपूर्ति मन्त्री मोटाउँदै जाने संस्था दिनानुदिन दुब्लाउँदै जाने रोग आयल निगमको विगत हो । वर्तमानमा पेट्रोलियमको मूल्यमा आएको स्थिरता र पर्याप्त नाफा राखेर जनतालाई सहुलियत नदिई बिक्री वितरण गरिरहेको अवस्थामा भने निगम नाफामा जान थालेको थियो । भारतले लगाएको नाकाबन्दीबाट उत्पन्न पेट्रोलियम संकटलाई मध्यनजर गर्दै सरकारले मुलुकका मुख्य मुख्य स्थानहरूमा पेट्रोलियम सञ्चिती गर्ने डिपो राख्ने निर्णय गरेको थियो । सरकारको यही निर्णय कार्यान्वयन गराउन थालिएको जग्गा खरिद प्रक्रिया विवादमा परेको हो ।

सार्वजनिक संस्थानहरूको महारोगका रूपमा रहेको भ्रष्टाचारले गर्दा धेरै संस्थानहरूको अस्तित्व लोप भइसकेको छ । त्यसैगरी निजीकरणको अन्धाधुन्ध नक्कल गर्ने नाममा थुप्रै संस्थानहरू कौडीका मूल्यमा बिक्री गरिए । कमिसनकै कारण नेपाल वायु सेवा निगमको विमान खरिद प्रकरण पटक पटक विवादमा पर्ने गरेको छ । खाद्य संस्थान, टिम्बर कर्पोरेशन, दुग्ध विकास संस्थान, नेपाल विद्युत प्राधिकरण, कृषि सामग्री संस्थान लगायतका थुप्रै संस्थान घाटामा चलिरहेका छन् । नेसनल ट्रेडिङ्ले जग्गा बेचेर कर्मचारीको अवकाश प्रक्रिया मिलाइरहेको छ । संस्थाहरूको भीरतर्फको दौड चलिरहेको बेला पनि नेपाल आयल निगमले विगत केही समयदेखि गर्न थालेको प्रगति पक्कै पनि प्रशंसनीय छ । तर यस्तो अवस्थामा फेरि संस्थालाई घुँडा टेकाउने गरी जग्गा खरिद काण्ड घटाउने पात्रहरूको उचित छानबिन गरी कारबाहीको दायरामा ल्याउन आवश्यक छ । भ्रष्टाचारले एउटा संस्थानको मात्र नभएर सिंगो मुलुकको छवि धूमिल बनेको अवस्थामा कुनै पनि भ्रष्टाचारजन्य क्रियाकलापलाई माफी दिनु र ढाकछोप गर्नु हुन्न ।

# भ्रस्ट अधिकारी नै भ्रष्टाचारी पाल्दछन्



**जगदीश लामिछाने**
रौतहट, पौराई

निश्चित काम गर्न कसैलाई तलब, ज्याला अथवा सुविधा दिने गरी मान्छे खटाइन्छ । त्यसलाई दिने सुविधा कुनै नियम बनाई यत्ति पाउने भनी तोकिन्छ । यत्ति मात्र होइन काम गर्ने सुविधाका लागि अमुक संघहरु पनि बनाउन दिइन्छ तर पनि तोकिएको काममै बाधा पर्ने गरी त्यो वा ती व्यक्ति संगठित भई बाधा पारिन्छ भने त्यो सुविधा दिने नेपाल सरकारले जुनसुकै आफ्ना प्राविधिक अथवा अप्राविधिक व्यक्तिको कामको मूल्यांकन गर्नैपर्छ । हो, यही अधिकारीकै कमजोरीको पहाड चढेर प्राविधिक र प्रशासनिक कर्मचारीहरुले सरकारलाई टेर्दैनन् । मुख्य सचिव जस्तो भइसकेको व्यक्तिले थोरै पेन्सनमा ऱ्याल काढेर कार्यकाल नपुग्दै आफूखुसी विदेश जाने निर्णय गराए राजीनामा समयमै दिएनन् । डाक्टरहरु भन्सारले कमाएको देख्छन् र इन्जिनियरहरु योजनाको नाफा प्रतिशत खोज्छन् । अझ हुन सके सुरक्षा क्षेत्रकाहरु विदेशमै पल्कन्छन् । तर पनि सत्तासीन पार्टीलाई मोटो रकम दिएर आफू पुरस्कृत हुन्छन् । यो केवल माथिल्ला अधिकारीको आफ्ना अन्तर्गतमा उचित डण्ड र उचित पुरस्कार नीति नभएकै कारणले योग्य व्यक्ति योग्य ठाउँमा नपुग्ने र नेपालकै परराष्ट्र नीति सम्पूर्ण दलका एउटै नभएको समेत हो । अधिकारीहरु आफैं भ्रष्ट भएरै भूकम्प पीडितको दुःख यथावत रहेको हो । चुनाव भइसकेका स्थानीय निकायहरुमा कर्मचारी खटाउन नसकेर सरकारले अरण्य रोदन गर्नुपरेको पनि यही दण्ड र पुरस्कारमा आफ्नो मान्छेमा पक्षपात गरेकै भएर हो ।

(१) अहिले प्रशस्त बजेट दिएर कुस्त काम गराउनुपर्ने चुनिएका स्थानीय गाउँपालिका नगरपालिकाहरुमा योग्य कर्मचारी खटाउन सकिएको छैन । निर्वाचित पदाधिकारीहरुले योग्य सल्लाहकार नपाएर जानी नजानी नियम विपरीत निर्णय गर्न पाएका छन् । यस्ता क्षणिक तर भ्रष्ट निर्णयहरु कार्यान्वयन गर्न तुरुन्तै रोकिनुपर्छ ।

(२) खटाएको ठाउँमा नजाने र गएरै पनि नियम विपरीत काम गर्ने कर्मचारीलाई गोप्य प्रतिवेदनकै आधारमा भए पनि आफ्नो सम्पत्तिको मूल्यांकन स्वीकृत उसैले गर्ने वातावरण १० प्रतिशतकै मात्र भए पनि सुरु गरिहाल्नुपर्छ बाँकी ९० प्रतिशत कर्मचारी आफैं तह लाग्नेछन् ।

(३) नेतृत्व वर्गले पनि आफ्ना अपराध कर्महरु रोक्ने प्रण गर्नु अनिवार्य भएको छ । विदेशी दूतावास धाई धाई आफ्नो देशको आन्द्राभुँडी विदेशीलाई बुझाउने, देश विखण्डनको नारा र जाति विखण्डनको नारा बनाएर देशमा भाँडभैलो गरिरहनेलाई कानुनी र सार्वजनिक प्रचारको माध्यमले राजनीतिक रुपले पनि परास्त गर्नैपर्छ । यत्ति नगरेसम्म अर्को २०५२ फिर्ता ल्याउने आँट विदेश प्रायोजितहरुमा र अपराधी वर्गमा रहिरहनेछ ।

(४) पक्षपात भन्ने रोग अधिकार प्राप्त व्यक्तिमा लागेकाले यो देशको विकास पछि परेको हो । उस्तै अपराधमा पनि आफ्ना मान्छेले थोरै सजायँ पाउनु र अदालतहरुमै रहेका मुद्दा स्वार्थवश मुद्दाहरु नै फिर्ता लिएर सजाय नपाई उम्कन पाउनु नेतृत्व क्षमताको कमजोरी नै र अपराधै हो । त्यस्ता नेता हाकिम पनि हुन सक्छन्, मन्त्री र स्थानीय नेता पनि हुन सक्छन् । यी सबैलाई नियमानुसार कारबाही हुने परम्परा नबसेसम्म देशका जनताले दुःख पाइरहनेछन् । मुठ्ठीभर शक्ति सम्पन्नको हालीमुहाली रहिरहन्छ । त्यसैले न्यायको पहुँचमा प्रत्येक नागरिक नभए पनि बहुसंख्यक नागरिकलाई न्याय प्राप्त हुने विश्वास हुनैपर्छ । यत्तिमात्र भएमा देशको विकास आफैं हुन्छ । कसैले रोकेर रोकिन्न । उदाहरण प्रस्टै छ भर्खरै पनामा पेपर्सका आधारमा पाकिस्तानका प्रधानमन्त्री नवाज शरीफलाई पाकिस्तानकै सर्वोच्च अदालत फैसलाले राजीनामा दिनैपर्ने बाध्य गरायो र राजीनामा दिए ।

## अबको क्रान्ति : पर्यावरणीय

**सुदर्शन प्रधान**

# बाघ, चीन र नेल्सन मन्डेला

बाघ, चितुवाको छाला र हड्डीहरू सयौं खच्चरको बथानमा बोकाएर लाँदा म्याग्दीस्थित तातोपानी प्रहरी चौकीमा समातिएको समाचार केही वर्षअगि आएको थियो । यो त एउटा घटना मात्र हो, तस्करहरूबीच लेनदेनमा विवाद भएपछि मात्र ती समातिन्छन् । नसमातिएका त्यस्ता छाला र हड्डीहरू कति होलान् ? कल्पना मात्र गर्न सकिन्छ । नेपाल र भारतमा मारिएका बाघ र चितुवाका ती छाला, हड्डीहरू तिब्बत, चीनतर्फ जाने गरेको थुप्रै सूत्रहरू बताउँछन् ।

चीनमा बिरामी मानिसको उपचार गर्ने थुप्रै परम्परागत पद्धतिहरू छन् । तीमध्ये नेपाल, भारतमा आयुर्वेदका लागि जराजुरी प्रयोग भएझैं चीनमा एउटा उपचार पद्धतिका लागि जलचर, स्थलचर र उभयचरका हड्डीहरू पिसेर औषधि बनाइन्छन् । दुर्लभ प्राणीका हड्डीहरूबाट बन्ने त्यस्ता औषधिको मूल्य पनि उच्च नै हुनुपर्छ । जुन मूल्य प्राप्तिका लागि चीन, नेपाल र भारतका अरौटेभरौटे तस्करहरू अघोषित गठबन्धन गर्छन् र धरतीका ती अमूल्य जीवजन्तुहरूको सिकार गर्छन् । त्यस्ता जन्तुको सिकारको पूर्ण अन्त्य त्यतिखेर मात्र हुन सक्छ, जतिखेर त्यसको माग शून्यमा झर्छ । यसका लागि 'मानवशरीरमा रोग लाग्दा उपचार पद्धतिहरूका अन्य वैकल्पिक माध्यमहरू अपनाएर निदान गर्नुपर्छ' भनेर व्यापक जनचेतना र राज्यको कडा कानुन कार्यान्वयन जरूरी पर्छ ।

दक्षिण अफ्रिकी राष्ट्रपति ज्याकोब जुमा आफ्नो तेस्रो र चौथो विवाहमा आदिवासी बन्धुहरूमाझ कबिलाई संस्कृतिअनुरूप आगोको क्याम्पवरपर चितुवाको छाला बेरेका एक बथान मित्रहरूसँग भाला लिई नाचेका थिए । बी.बी.सी., सी.एन.एन. र अल जजिरा टेलिभिजन च्यानलहरूले प्रसारण गरेका ती दृश्यहरू धेरै अर्थमा घातक थिए । कबिलाई संस्कृति संरक्षण गर्ने नाउँमा भएका ती दृश्यहरूले प्रकृतिको महान् सदस्य चितुवाको अस्तित्व सङ्कटमा पर्नेछ । चीन र युरोपका कतिपय आदिवासीहरूमा पनि विवाह र अन्य चाडपर्वहरूमा चितुवा र बाघका छाला लगाएर नाचगान गर्ने परम्परा छन् । यस्ता परम्परा र संस्कृति किन र कसरी बसालियो ? यसमा दुइटा कारणहरू हुन सक्छन् ।

हजारौं वर्षअगि पृथ्वीमा मात्र होइन, आजको चीन



र युरोपमा पनि जनसङ्ख्या थोरै थियो तर घना वनजङ्गलले ढाकिएको भूभाग धेरै थियो । जङ्गलका बाघ र चितुवाले मानवबस्ती र चौपायाको सिकार गरेर धुरूक्कै रूवाउँथे । अत्यन्तै तेजिला, बलिया र साहसी ती जन्तुका अगाडि सारा गाउँवासी निरीह थिए । आकाशमा उदाउने सूर्य, चन्द्रमा, नजिकै बग्ने नदीखोला र गाउँबस्ती छेक्ने पडाडपर्वतहरूलाई भगवान् मान्दा वर्षदिनका विशेष चाडवाडहरूमा तिनको पूजा, आराधना गर्थे । अर्थात् त्यतिखेर सबै मानिस प्रकृतिपूजक थिए । त्यसरी नै मरेका बाघ, चितुवाहरूको छाला ओढी नाचगान गर्दा ती जन्तुहरूबाट सुरक्षा हुने, तीजस्तै बलवान् र वीर बन्ने अनि तिनका सन्ततिहरू आफ्ना पुर्खाको छाला श्रद्धा गर्ने मानवपुस्ताप्रति खुसी भई तिनलाई केही नगर्ने कल्पनामा डुबे । त्यही कल्पना कालान्तरमा संस्कृति, परम्पराको रूपमा स्थापित भएर समाजमा यति जब्बरसँग रहे ।

जनसङ्ख्या बृद्धि, औद्योगिक विकास र अन्य थुप्रै कारणहरूले युरोप र चीनका वनजङ्गलबाट लोपोन्मुख भएका चितुवा र बाघको अस्तित्व संरक्षणभन्दा आआफ्नो जातीय संस्कृति र परम्पराको अस्तित्व बचाउने सवाल अहम् विषय बन्यो उनीहरूमा । आज रूसको साइबेरियामा बस्ने हिम चितुवा र हिम बाघबाहेक अन्य राष्ट्रका जङ्गलहरूमा त्यसको अस्तित्व शून्यजस्तै छ । तथापि युरोप र चीनका केही आदिवासीहरूमा बाघ र चितुवाको छाला ओढी नाचगान गर्ने परम्परागत संस्कृति जीवन्त छ । परिवर्तित परिस्थितिमा बाघ र चितुवाका छालाजस्तै रङका कपडा लगाएर नाचगान र प्रदर्शन गर्दा पनि हुन्छ भन्ने मान्यता स्थापित हुन सकेको छैन । वास्तवमा केही रूपैयाँमा प्राप्त हुने ती कपडाहरूको तुलनामा दुर्लभ बाघ र चितुवाको छालाका लागि हजारौंहजार डलर किन खर्चने ? प्रकृतिको महान् सदस्यको अस्तित्व लोप भई भावी सन्ततिको नजरमा यो पुस्तालाई दानवको संज्ञा मिल्नेछ भन्ने सम्बन्धमा पनि ती बेखबर र बेवास्ता गरिरहेछन् । परिणामस्वरूप नेपाल र भारतमा बाँकी रहेका सीमित बाघ र चितुवासमेत सङ्कटमा परिरहेछन् । यसमा अन्ध राष्ट्रवाद र संस्कृतिप्रेमले पनि काम गरिरहेछ किनकि युरोप र चीनका शासकहरूले नेपाल र भारतमा रहेका बाघ र चितुवाहरू आफ्ना पनि सम्पदा हुन् भन्ने कुरा आत्मसात् गरी अन्य विषयमा झैं यसमा पनि कडा कानुन र त्यसको परिपालन गर्ने हो भने नियन्त्रण हुन सक्छ । यसमा पनि व्यापक चेतना जरूरी छ, सर्वसाधारण जनतालाई मात्र नभई त्यहाँका संस्कृतिविद्, प्रहरी, सेना, वकिल, न्यायाधीश र राजनीतिक नेतृत्वलाई पनि । यो कुरा युरोपेली मुलुक, चीन, नेपाल र भारतका मात्र नभई संसारभरिका शक्तिसम्पन्न महानुभावहरूका दिलदिमागमा पनि सम्प्रेषण गर्नु आवश्यक छ ।

नेपालको तातोपानी प्रहरी चौकीले बाघ र चितुवाका सयौं थान छाला बरामद गरेको वर्षको हिउँदताका काठमाडौंको पाँचतारे होटल साङ्ग्रिलामा केही चिनियाँ बाघविज्ञहरूले एउटा बाघ संरक्षण सम्मेलन गरेको थियो तर सो सम्मेलनको सार भने 'बाघको संरक्षण गर्न बाघ पाल्नुपर्छ, मार्नुपर्छ र त्यसको मासु खानुपर्छ । तब मान्छेले पैसाका लागि त्यसको सुरक्षा र बेचबिखन गर्छ ।' (क्रमशः)


# मैले देखेको सातौं विश्व सम्पदा : इटलीको जीवित ज्वालामुखी एट्ना

— सुरेन्द्र ढकाल —


हिमपात भएको बेलाको एट्ना


ज्वालामुखी पड्केको अवस्था


रातमा यस्तो देखिन्छ एट्ना


एट्नाको टुप्पाबाट फेदी ओर्लंदै सुरेन्द्र ढकाल


एट्नाको फेदीसम्म पुग्ने बसस्टपमा सुरेन्द्र


टुप्पाबाट तल हेर्दा ज्वालामुखीको मुख यस्तो देखिन्छ


यसरी पुग्छन् एट्नाको टुप्पामा पर्यटकहरू

विशाल ग्रीक (Magna Grecia) कालिन शहर आग्रिजेन्तोको जुनोको मन्दिर अवलोकन गरेपछि हाम्रो गन्तब्य इटलीको सिसलीमा रहेको जीवित ज्वालामुखी अवलोकन गर्नेतर्फ लाग्यो । आफ्नो जीवनमा कहिले पनि ज्वालामुखी नदेखेको कारण मलाई ज्वालामुखी हेर्ने ठूलो इच्छा थियो जुन कुरालाई इटलीको मेरो बसाइले यथार्थमा परिणत गर्न मद्दत गरेको थियो । आग्रीजेन्तोको होटलमा ब्रेकफास्ट गरिसकेपछि हामीलाई लिएर गएको वातानुकुलित बस विस्तारै एटना ज्वालामुखीको उकालो चढ्दै थियो । आग्रीजेन्तोबाट हामी मध्यान्हमा ज्वालामुखीको काखमा पुग्यौं । मसँग गएका विदेशी साथीहरु कसैले पनि ३०० मिटर जति अग्लो ज्वालामुखी मुख जस्लाई क्रेटर भनिन्छ त्यो चढेर धुवाँ आइरहेको स्थल हेर्ने आँट गरेनन् । तर मैले चाहिँ टुप्पामा नै पुगेर क्रेटर हेरेर आउँछु भन्दा सबै चकित भए । अरु साथी सोभेनिर किन्नतर्फ लागे म एक्लै भने ज्वालामुखीको चिसो भएको लाभा टेक्दै उकालो लागें । आधा घण्टाको चढाइमा नै म टुप्पामा पुगेँ, त्यहाँबाट निरन्तर धुवाँ आएको स्थल हेर्दा इनारको डिलमा बसेर तल पानी हेरे जस्तो हुने रहेछ । धुवाँ आएको स्थल हेरि म पुन: बस रोकेको स्थलतर्फ ओर्लिन थालें त्यतिखेरै एक विदेशी माथि चढ्दै थियो, त्यही मोका छोपी आफू ओर्लंदै गरेको एउटा फोटो खिचिदिन आग्रह गरे । उसले मेरो फोटो खिचिदियो । म पुनः ओर्लन थालें । ओर्लंदा अलि छिटो छिटो गरेको कारणले होला मलाई एक्कासी सर्केको जस्तो गरी लगातार खोकी लाग्न थाल्यो । बसमा आएर बस्दा पनि खोकीले छोड्ने खसखस लागिनै रह्यो । साथीहरुले पानी खाने सल्लाह दिए । पानी खाएपछि पनि धेरैबेर खसखस लागि नै रह्यो । जब बस तल ओर्लेर ज्वालामुखीको तातो हावाबाट मुक्त भयो अनि मेरो खोकी पनि रोकियो ।

**एट्ना ज्वालामुखी**

माउण्ट एट्ना सक्रिय ज्वालामुखी हो । यो सिसली इटलीको पूर्व भूमध्य सागरको तटमा रहेको छ । यो कातानियाको नगरपालिकाभित्र पर्दछ । अफ्रिकन र युरासियन प्लेटमा एट्ना ठडिएको छ । यो युरोपको सबैभन्दा अग्लो स्थानमा रहेको ज्वालामुखी पहाड हो । यसको उचाइ ३३२९ मिटर रहेको छ । आल्पस पर्वत श्रृंखलापछि इटलीको सबैभन्दा अग्लो पहाड यही हो । यो ज्वालामुखी १४० वर्गमिटरको परिधिमा फैलिएको छ । माउण्ट एट्ना विश्वकै एक सक्रिय ज्वालामुखी हो । यही ज्वालामुखीबाट निस्केको मलिलो खरानीको कारण यहाँको उपत्यकामा अगुंर खेती आमरुपमा गरिन्छ । यही सदावहार सक्रिय ज्वालामुखी भएको कारण यो विश्व प्रसिद्ध पर्यटकीय स्थल बन्न पुगेको छ भने जून २०१३ मा यस क्षेत्रलाई युनेस्कोले विश्वसम्पदा सूचीमा राखेको छ ।

लेटिन भाषाको अइट्नाबाट यस ज्वालामुखी पर्वतको नाम एट्ना रहन गएको हो । यो ज्वालामुखी ५ लाख वर्ष अगाडि पहिलो पटक समुद्रको गर्भमा फुटेको मानिन्छ । ज्वालामुखी फुटी खरानी थुप्रदै जाँदा १ लाख ७० हजार वर्ष अघिदेखि यसले पर्वतको रुप क्रमशः लिन थाल्यो । यो ज्वालामुखी फुट्दा यति खरानीको थुप्रो बाहिर आयो कि त्यो ८०० किलोमिटर उत्तर पर रोमसम्म पनि पुग्यो । यही ज्वालामुखी पडकाइको कारण लाभा खरानीको पहाड बन्ने अनि सुनामीको कारण निरन्तर पहिरो जानेले गर्दा यस क्षेत्रको धरातलमा उपत्यका बन्ने अनि भासिने क्रम जारी रह्यो । एटना पर्वतको शिखर २ हजार वर्ष अघिदेखि नै भासिन सुरु भएको भूगर्भविद् बताउँछन । यस ज्वालामुखी पर्वतको ५ वटा मुख या ने क्रेटर छन् । शिखरमा रहेको मुख्य क्रेटर चाहिँ एउटा छ । मुख्य क्रेटर फुट्दा जति ठूलो देखिन्छ त्यसले विनाश कम गर्दछ किनकी लाभाहरु वस्तीसम्म आइपुग्दैनन् तर तल रहेका साना क्रेटरहरु पड्कँदा भने यसले बस्तीसम्मै पुगेर जनधनको क्षति गर्दछ र यो पड्किने क्रमको रेकर्ड इशापूर्व १६०० देखि हालसम्मै जारी छ । सन् १२२ मा एट्ना पड्किँदा आएको लाभाले कातानिया सहरको घरहरुका सबैजसो छानाहरु ध्वस्त गरेको थियो । त्यस बखत रोमले कातानीयाका जनतालाई पुनर्निर्माणमा सहयोग भनी १० वर्षसम्म कर माफी गरेको थियो ।

एट्नाको हालसम्मको सबैभन्दा ठूलो विष्फोटन भनेको ११ मार्च १६६९ को हो जस्ले १० वटा गाउँ पुरै ध्वस्त गरी समुद्रमा लगी मिसाइ दिएको थियो भने २० हजार मानिसको ज्यान लिएको थियो । सन् १६६९ पछिका विष्फोटनहरुमा सन् १९२८ को विष्फोटन विनाशकारी मानिन्छ जुन समुद्री सतहभन्दा १२०० मिटर माथि विष्फोटन भएको थियो र दुई दिनमै मास्काली भन्ने गाउँ र त्यहाँको रेलवेलाई पूर्णरुपमा नष्ट गरेको थियो । पछि २० औं शताब्दी भएका विष्फोटनहरुले दृश्यावलोकन गर्ने टावरलगायत केवल कारलाई पनि पूर्णरुपमा क्षति गरेको थियो । विष्फोटन हुँदा ३०० पटकसम्म भूकम्प जाने कारण शिखर भास्सिने र बन्ने क्रमहरु चलि नै रहने हुँदा पर्वतको रुप पनि परिवर्तन हुँदै आएको छ भने उपत्यका र वस्ती त्यही अनुरुप बन्ने र भग्नावशेषमा परिणत हुने गर्दछन् ।

विष्फोटन हुँदा यसबाट आउने लाभा ७ किलोमिटर परसम्म पुगी कातानियाको एअरपोर्ट नै बन्द गर्नुपर्ने अवस्था पनि आएको छ । अहिलेसम्मको पछिल्लो विष्फोटन १६ मार्च २०१७ मा भएको थियो जस्को कारण बीबीसीका पत्रकारसहित १० जना मानिसको ज्यान गएको थियो ।

एटना ज्वालामुखी पर्वत इटलीकै पर्यटक आकर्षणको केन्द्र विन्दु रहेको छ । हरेक वर्ष हजारौं पर्यटकहरु यहाँ आउँछन् । २९२० मिटरको उचाइसम्म वस र केवलकारको माध्यमबाट पुगिन्छ । क्रेटरसम्मै पुगी धुवाँ आएको हेर्नलाई भने २०० देखि ४०० मिटर पैदलै चढनु पर्दछ ।

Remember us for the Construction of Private and Public Works

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

कुनै पनि काम सानो र ठूलो हुँदैन । श्रम गर्न नहिच्किचाऔं । श्रमको सम्मान गरौं । उत्पादन र उत्पादकत्व बढाउन शिक्षित र सचेत बनौं र अरूलाई पनि बनाऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

आधा आकाश

■ विराट अनुपम

# छोरा खोज्दै ज्योतिषकोमा

**लगातार छोरी जन्मेर छोराको खोजी गर्नेहरू नै परामर्श लिन बढी आउने गरेको कोइरालाको अनुभव छ । पाँच जनासम्म छोरी जन्मेपछि सन्तान नजन्माउने भनेर बसेकाहरू उमेरले ४५ कटेपछि पनि छोरा हुन्छ कि हेरिदिनुपर्‍यो भनेर आउने गर्छन् ।**

इटहरी । पूर्वका चर्चित ज्योतिष परामर्शदाता कृष्णप्रसाद कोइरालाले आधिकारिक रूपमा ज्योतिष परामर्श सेन्टर खोलेको पनि ६ वर्ष लाग्यो । त्यसो त उनले अनौपचारिक ज्योतिषीय परामर्श दिँदै आएको पनि दुई दशक नै भइसकेको छ। लामो समयमा ज्योतिषीय फलादेशमा आउने प्रतिक्रिया भने फेरिएको छ । एक दशक अगाडिसम्म 'तपाईंको बहुविवाहको योग छ' भन्दा पुरुषहरू धेरै खुसी हुन्थे । पछिल्ला वर्षहरूमा भने बहुविवाहको योग छ भन्ने फलादेश सुन्दा पुरुषहरू बढी नै दुःखी हुन्छन्। पहिलेपहिले 'तपाईंका धेरै सन्तान हुने पो योग छ' भन्दा धेरै अभिभावक मख्ख पर्थे । अहिले धेरै सन्तानको योग छ भन्दा असहज मान्छन् । पहिलेको तुलनामा ज्योतिष हेर्न आउनेहरूको इच्छा पनि फेरिएको छ।

तर, दम्पतीहरूमा एउटा चाहना भने पटक्कै हटेको छैन । त्यो हो– छोराको खोजी । भर्खरै विवाह गरेको जोडीदेखि पहिलोपटक छोरी जन्मेपछि छोरा खोज्नेहरू ज्योतिष हेर्न पुग्छन् । 'सन्तानको खोजीमा आउनेहरूमा ८० प्रतिशत छोरा नै चाहियो भन्न आउँछन् ।' कोइराला भन्छन्, 'समाज विकासको उपल्लो चरणमा पुगे पनि छोराको खोजीमा भौतारिने दम्पतीको सङ्ख्या त पहिलाभन्दा झनै बढेको छ। पहिलापहिला छोराका लागि धेरै सन्तान जन्माउँथे । अहिले पहिलो सन्तान जन्माउन पनि छोरा हुन्छ कि हुँदैन भनेर हेर्न आउँछन् ।' उनले छोराछोरी समान हुन्छन् है भनेर सम्झाउने कोसिस गरे पनि हात हेर्न आउनेहरूले सुन्नै नचाहने बताए।

नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गतको पिण्डेश्वर विद्यापीठ धरानका सहप्राध्यापकसमेत रहेका कोइरालाको अनुभवसँग मिल्छ इटहरीका ज्योतिषी कमलप्रसाद दाहालको ज्योतिषीय अनुभव पनि । इटहरीस्थित सप्तकोसी एफएम र एरिना टेलिभिजनमा धार्मिक, वास्तु तथा ज्योतिषसम्बन्धी कार्यक्रम चलाउने दाहालका अनुसार अभिभावकमा छोरी हुँदा बोझ मान्ने र छोरा हुँदा शान मान्ने



प्रचलन विद्यमान छ । दक्षिण एसियाली ज्योतिष महासङ्घका उपमहासचिव पनि रहेका दाहालको राष्ट्रिय ज्योतिष तथा परामर्श सेवा केन्द्र इटहरीमा छोराको खोजीमा आउनेहरूको लाइनै हुने गर्छ।

अधिकांश छोराको चाहना गर्नेहरू विभिन्न अस्पताल, धामीझाँक्री तथा वैद्यको उपचारले छोरा नजन्मिएपछि अन्तिम विकल्पको रूपमा आफूकहाँ आइपुग्ने सहप्राध्यापक कृष्णप्रसाद कोइराला बताउँछन् । उनी भन्छन्, 'अन्य विकल्प सकिएपछि अन्तिम विकल्पको रूपमा ज्योतिषकोमा आइपुग्छन् ।'

कोइरालाका अनुसार कतिपय अभिभावक त पटकपटक भ्रूणहत्या गरी पुनः ग्रहदशा हेरेर छोरा खोज्न आउँछन्। 'विभिन्न अस्पताल तथा क्लिनिकमा लिङ्ग पहिचान गरी गर्भपतन गरेर आउनेहरू छोरा हुने योग छ कि छैन भनेर हेर्न आउँछन् । ज्योतिष कोइरालाचाहिँ छोराले भन्दा छोरीले बाआमा पाल्ने र काजकिरिया गर्ने प्रचलन बढेको छ भनेर सम्झाउने बताउँछन् । उनले थपे, 'दुःखको कुरा छोरा चाहियो भनेर आउनेहरूलाई सम्झाउनै सकिँदैन ।' उनले विचारमा अझै पनि मान्छेले छोरी छोराको विकल्प हुन सक्छे वा छोराजत्तिकै सक्षम छे भनेर बुझेकै छैनन्।

लगातार छोरी जन्मेर छोराको खोजी गर्नेहरू बढी आउने गरेको कोइरालाको अनुभव छ। कतिपय भने पाँचजनासम्म छोरी जन्मेपछि सन्तान नजन्माउने भनेर बसेकाहरू पनि छोरा हुन्छ कि हेरिदिनुपर्‍यो भनेर आउने गर्छन् । त्यसरी आउनेहरूमा पढेलेखेकाहरू नै बढी छन्। 'मैले कतिसम्म देखेको छु भने केही छोरी जन्मेपछि अब थप सन्तान नजन्माउने सोचमा रहेकाहरू पनि एकाएक बुढेसकालमा पनि छोरा हुन्छ कि हेरिदिनुपर्‍यो भनेर आउँछन्,' कोइराला भन्छन्, 'कतिपय सामाजिक र पारिवारिक कारणले गर्दा पनि अभिभावकहरू छोराको खोजीमा आएको पाउँछु ।' हाम्रा पर्वहरूका कारणले पनि मान्छेहरू छोरा पाउन लालायित देखिन्छन् । तिहारमा बढेका छोरीहरूले भाइ खोज्ने र छराछिमेक तथा परिवारले पनि तर्पण-पिण्ड दिने छोरा त चाहिन्छ भन्ने गरेकाले पनि कतिपय बुढेसकालमा छोरा खोज्न आउने उनी बताउँछन्।

दक्षिण एसियाली ज्योतिष महासङ्घका उपमहासचिव कमलप्रसाद दाहाल पनि कुनै घरमा छोरा नहुँदा आफन्त र परिवारलाई तनाव हुने बताउँछन्। 'मसँग सन्तान प्राप्तिको योग हेर्न आउनेहरू अधिकांश छोरा हुन्छ कि हुँदैन भनेर सोध्छन्,' दाहाल भन्छन्, 'छोरी भए पनि सन्तान पुग्यो भनेर बस्नेहरू आफन्तले तनाव दिएपछि यहाँ आउँछन् ।' उनले बौद्ध र किरात धर्म मान्नेहरूले पनि अंश र वंशको उत्तराधिकारी खोज्न छोरा नै चाहिन्छ भन्दै आइपुग्ने बताए।

छोराको खोजीमा गर्भपतनदेखि ज्योतिषको परामर्श केन्द्रसम्म पुग्नेहरू छोरी हुन्छ कि हुँदैन भनेर अहिलेसम्म आएकै छैनन्। ज्योतिषहरू जन्मकुण्डली हेरेर सन्तान प्राप्तिको योग हेर्छन् । जन्मकुण्डलीमा सन्तान खण्डका बाह्र भावहरूको जोडघटाउ गरेर सन्तान प्राप्तिको फलादेश थाहा पाउन सकिने उनीहरूको भनाइ छ । मान्छेले जन्म लिँदा भएको ब्रह्माण्डका ग्रह तथा नक्षत्रको गति र तिनले पार्ने प्रभावका आधारमा बन्ने जन्मकुण्डलीका विभिन्न ग्रहका आचरणका आधारमा छोरा वा छोरी हुने ज्योतिषीय हिसाब निकाल्न सकिन्छ । जन्मेको समय जस्ताको तस्तै मिलाएर बनाएका चिनामा हेरेको फलादेशले छोरा वा छोरी के हुने भनेर सजिलै थाहा हुने बताउने उनी छोराकै प्राप्तिका लागि दौडधुप गर्ने कुरामा भने मन पराउँदैनन् । उनले ग्यारेन्टी गरेर छोरा वा छोरी हुन्छ भनेर अहिलेसम्म नभनेको बताए।

*(संचारिका फिचर सेवा)*

# पुनर्निर्माण सक्न बालबालिकाको जोड

**गोकर्ण भण्डारी**

भूकम्प प्रभावित क्षेत्रका बालबालिकाहरूले पुनर्निर्माणको कार्यलाई यथाशिघ्र सक्न सरोकारहरूलाई आग्रह गरेका छन्। दोलखा जिल्लाको भीमेश्वर नगरपालिकामा गत मंसीरको दोस्रो साता आयोजित नगरस्तरीय बाल भेलाका क्रममा बालबालिकाले यस्तो आवाज उठाएका हुन्।


भीमेश्वर नगरपालिका स्तरीय करुणा चौलागाईले भनिन् 'हाम्रो घरहरू भत्केका छन्, हामी बस्ने घरहरू छैनन्। हाम्रो परिवार टहरामा बसिरहेको छ। यस्तो बखत बालक भन्दा पनि बालिका तथा किशोरीहरूलाई अप्ठ्यारो भएको छ। यसैकारण हाम्रो शैक्षिक वातावरण पनि खल्बलिएको छ।'

करुणा जस्तै धेरै बालबालिकाको भनाईमा परिवारका सबै सदस्य एउटै पालमा बस्नु पर्दा उनीहरू र उनीहरूको सामानहरूका लागि ठाउँ पुग्दैन । उनीहरूले आफ्ना बुवा र दाजुहरूसँग एउटै ठाउँमा सुत्नुपर्दा अप्ठ्यारो लागेको बताएका थिए।

'हाम्रो अस्थायी टहरो बनेको पनि दुई वर्ष भयो । यही टहरोमा नौ जनाका परिवार बसेका छौं । टहरोमा शौचालय र पानी बत्तिको पनि सुविधा छैन ।' बालभेलामा भाग लिन आएकी भीमेश्वर नगरस्तरीय बाल क्लबकी देवकी कार्कीले थपिन् 'हाम्रो नयाँ घर बनाउन सरकारले सहयोग गर्ने भनेको सुनेकी छु। तर सहयोग आएको छैन। यदि सरकारले नदिने भए नदिने घोषणा गरोस्। दिने भए यथाशिघ्र प्रदान गरोस्।'

बाल भेलाका क्रममा तीन समूहमार्फत बाल बालिकाको आवाज र विचार संकलन गरिएको थियो। ८ देखि १३ वर्ष समूहमा बालक र बालिका, ८ देखि १३ वर्षका बालक र बालिकाको बेग्ला बेग्लै समूह बनाएर आफूलाई मनपर्ने र मन नपर्ने तथा सुरक्षित र असुरक्षित स्थानको पहिचान गर्ने कार्य जिम्मेवारी दिइएको थियो।

चित्रमार्फत आफ्नो आवाज र विचार प्रस्तुत गर्ने क्रममा मूलतः बालिका



समूहले सुरक्षित घरको अभावलाई सबै समूहले व्यक्त गरेका थिए । १३ देखि १८ वर्ष समूहकी बालिका तारा भुजेल भन्दै थिइन् 'मेरा आमा, बुवा, दाजुभाइ र दिदीबहिनीहरूसमेत अरू मानिसहरू एउटै पालमा बस्नुपरेको छ, र मलाई त साँच्चै नै अप्ठ्यारो लागिरहेको छ।'

सोही समूहकी विपना थापाले थपिन्– 'आफ्नो लुगा फेर्न गोप्य ठाउँ कहीं पनि नभएकोले गर्दा अप्ठ्यारो र दुःखी भएका छौ। भिडभाड भएको साझा ठाउँमा बस्नु परेकोले रजस्वलासम्बन्धी सरसफाई गर्न गाह्रो भएको छ ।' किशोरीहरू रजस्वला भएको बेला समूहबाट छुट्टै बस्नु पर्ने र खाना बनाउन पनि नमिल्ने चलन भएकाले अस्थायी आश्रयहरू बालिकाहरूलाई साह्रै कठिन भएको उनीहरूको साझा समस्या थियो।

'मेरो पूरै परिवार एउटै त्रिपालमा सुत्नुपरेको छ । बालिका भएकोले हामीलाई लुगा फेर्न साँच्चै अप्ठ्यारो हुन्छ । विशेषगरी रजस्वला हुँदा त त्रिपालभित्र लुगा फेर्नु र खुल्ला ठाउँमा धोइपखाली गर्नु त साँच्चै लाजमर्नु हुन्छ ।' चौतारा बालक्लबकी एक बालिकाकाले नधकाईकनै भनिन्।

भूकम्पपछि बनेका अस्थायी संरचनाहरू ठूलो झरी र आँधीबेहरीका लागि सुरक्षित छैनन् । बालबालिकाले यस्ता अस्थायी आश्रयहरूले आफ्नोलागि सबैभन्दा बढी चुनौतीहरू थपिएको महशुश गरेको बताउँछन्। 'हरी आइरहन्छ, पानी पनि पर्छ । यो दुवै विपद्का लागि अस्थायी टहरा उपयुक्त छैन । त्यसमा अस्थायी टहराहरू आगलागीका लागि उच्च जोखिममा हुन्छन् । खोइ हाम्रो नयाँ घर कहिले बन्छ ? भन्न सकिन्न ।' स्थानीय अग्नी थामीले भनिन्।

दोलखाका बालबालिकाले आश्रयहरू पानीबाट ओताउन नसक्ने भएकोले पानी पर्दा उनीहरूका सरसामानहरू भिजेको बताएका थिए । उनीहरूले पालहरू हावाहुरीले नउडाओस् भनेर कहिले त रातभरि झिमिक्क नगरी त्रिपालहरू समातेर समेत बस्नु परेको कथा पनि सुनाएका थिए। धेरै बालक र बालिकाहरूमा पहिरोले पुर्छ वा लडिरहेका रुखहरूले किच्छ भन्ने डरको त्रासदी रहेको सुनाएका थिए।

'घर भत्किएकै त थिएन तर जतासुकै चर्किएको थियो। त्यो चर्किएको घरभित्र बस्नु मलाई डर लाग्छ भने बाहिर सुत्न पनि डराउँछु । पानी पर्दा वा हावा हुरी चल्दा पाल चुहिएर वा उडाएर हामीलाई असहाय बनाइदिन्छ र यस्तो देख्दा मलाई असाध्यै दुःख लाग्छ।' बाल भेलामा आएकी करुणाले बताइन्।

धेरैका बालबालिकाहरूले कति लामो सयमसम्म पाल वा अस्थायी आश्रयहरूमा बस्नु पर्ने हो भन्ने चिन्ता व्यक्त गरेका थिए । नयाँ घर बन्ने आशामा बसेको उनीहरूको अभिव्यक्तिबाट थाहा हुन्थ्यो।

गत वैशाख गएका दुईवटा ठूला भूकम्पहरू लगायत सयौं पराकम्पनले नेपालका ७५ मध्ये ३१ जिल्लाहरू प्रभावित बनेका थिए। यस मध्ये पटक पटकको पराकम्पको इपिसेन्टर दोलखामा परेकाले पनि अन्यको तुलनामा दोलखा उच्च जोखिममा पर्दछ । सरकारी तथ्यांकअनुसार यस क्रममा ८,७९० जना मानिसको मृत्यु भएको र करिब २२,३०० घाइते भएका थिए। जसमध्ये धेरै बालबालिका छन्। घरहरू, विद्यालयहरू, स्वास्थ्य केन्द्रहरू र अन्य सार्वजनिक र निजी संरचनाहरू, तथा धार्मिक र सांस्कृतिक धरोहरहरू लगायत हजारौं भवनहरू ध्वस्त वा क्षतिग्रस्त भएका थिए। ती सबै संरचना हाल पुन निर्माणका क्रममा छन्।

दोलखामा मात्र ८० हजार घर ध्वस्त थिए। यस मध्ये ४ हजार घर पुन निर्माणको क्रममा छन्। जानकारी अनुसार ७० पुन निर्माण थालेका छैनन्। यी भूकम्पहरूबाट प्रभावित ८० लाख जनसंख्यामा ३२ लाख बालबालिका छन्, जसमध्ये लगभग १० लाख चाहिँ १४ वटा अति प्रभावित जिल्लाहरूमा बसोवास गर्छन् । जिल्लामा मात्र ४० हजार बालबालिका प्रभावित भएको तथ्यांक छ। विपद् र विपद्-पश्चात्का अवस्थाहरूमा युनिसेफ नेपाल लगायतका संघ संस्थाले सघाई रहेका छन्। जिल्लामा पुन निर्माण प्राधिकरणमार्फत पुन निर्माणको काम भईरहेको छ।

*–साभारः बालमैत्री स्थानीय शासन मीरेष्ट लेखमाला*

कविता

## पुग्यो भन्ने कोइ छ



● प्रेम ओली
(ढकलपुरे)

यो पैसो त
जति धेरै कमायो उति धेरै नपुग्ने रैछ
भन्नुस् त
अहिलेसम्म पैसोले पुग्यो भन्ने कोइ छ ?

सय रुपैयाँ नहुनेलाई हजारले पुग्दैन
हजार कमाउनेलाई लाखले पुग्दैन
यो पैसो त जति कमायो उति अभाव हुने रैछ
भन्नुस् त
अहिलेसम्म पैसोले पुग्यो भन्ने यहाँ कोइ छ ?

यै पैसो कमाउने भन्दै
गाउँबाट सहर आयो
सहरबाट धेरै कमाउने भन्दै
राजधानी आयो
राजधानी पनि कमाएर नअघाएपछि
झन् धेरै कमाउने भन्दै विदेश पस्यो
कमाउँदा कमाउँदै उतै फस्यो
यो पैसो त
जति कमाए पनि नपुग्ने रैछ
आजसम्म पैसोले पुग्यो भने कोइ छ ?

जति धेरै कमायो उति धेरै भोक लाग्ने
जति धेरै समायो समाउन झोक लाग्ने
कमाउँदा कमाउँदै
एक दिन जिन्दगी पाक्ने
तर कमाउन यो मान्छे कहिले नथाक्ने
आफ्नो दौलत त छँदै छ
अझ अरुकोमा पनि कुदृष्टि ताक्ने
यो पैसो भन्ने चिज गजबकै रैछ
अहिलेसम्म टन्न पुग्यो मलाई भन्ने कोइ छ ?

घर बनाएपछि गाडी किन्नुपर्ने
गाडी किने सुनकै साडी किन्नुपर्ने
सुनको साडीपछि हिराको भारी किन्नुपर्ने
सुनकै पलङमा सुते पनि
सुनकै कोपरामा मुते पनि
यो मान्छेलाई पैसो कहिले नपुग्ने रैछ
भन्नुस् त
आजसम्म पैसोले अघाएँ भन्ने यहाँ कोइ छ ?

निबन्ध

## कहाँ चुक्यो ? आज मेरो देश

**जयदेश श्रेष्ठ**

*हामी नेपालीहरू सपना राम्रो देख्छौ !*
*सपना पुरा हुने दिन कहिले आउला ?*



यो स्टेटस फेसबुकमा अपलोड गरेपछि साथीहरूको प्रतिक्रिया जस्तै आए पनि मनमा भने अनेकौं कुराहरू खेलिरहयो । प्राकृतिक श्रोत र सम्पदाको धनी देश नेपाल, आज उजाड भएको छ । श्रृतु परिवर्तनसँगै गर्मीले तलाउ सुक्दै जान्छ । उड्ने पन्छिहरूले बासस्थान छोडेर अन्यत्र जान्छन् । जीव जन्तु अन्तै बसाई सर्दछन् । बिचरा जलासयका जीवहरूको दुर्दशा ! आज यस्तै भएको छ हाम्रो देश । अनकन्टार जस्भयलो गाउँमा वृद्धवृद्धाहरू आफ्नै काल कुरेर बसेका छन् । कृषिप्रधान देश, आज खेतबारी प्राय बाँझो जस्तै भएका छन् । सहरका उद्योग कलकारखाना प्राय बन्द छन् । पौरखी हातहरू विदेशतिर रमाउन थालेका छन् ।

आज प्राकृतिक सम्पदालाई मासेर डोजर चलाएर जताततै सडक बाटो पुर्‍याउन खोज्यो, भूक्षय पहिरोले गर्दा बाटोहरू व्यवस्थित भएन । पहिले पानीको सुविधा भएको मानव योग्य ठाउँमा मात्र बस्ती बस्दथ्यो आजकाल जताततै मानव बस्ती उर्वर भूमि बन जङ्गल मासेर अप्राकृतिक बस्तीहरूमा पाइपबाट मुहानका पानी पुर्‍याउँछन् । त्यही ठूला पाइपहरूबाट घरका फोहोरपानी मल मूत्र नदीमा पुर्‍याउन्छन् । त्यसैले बस्ती र नदीनालाहरू उचित संरक्षणको अभावले प्रदुषित छन् । समयसँग विकासको नयाँ जीवनमा हामी नेपालीहरू भौतिक सुखमा रमाउन थाल्यौं ।

आज त्यस्तै भयो ! राष्ट्रवादको खोक्रो नाराले मात्र देश चल्दैन ! राष्ट्र के हो ? राष्ट्रियता के हो ? राष्ट्रिय झण्डालाई बेवास्ता गर्ने, राष्ट्रिय पोसाकमा गर्व नगर्ने उच्च नेताहरूले नेपाली स्वाभिमान गिराएको पाउछौं । देशको कुना कन्दरामा गुन्जने राष्ट्र भक्त राष्ट्रिय गीतहरू हराएको छ ।

आफ्नो दायित्व बिर्सेर पर निर्भर भएर गुजारा चलाइरहेका छौं । देश र जनताको नियति आज हामीहरूले गौरवका गाथाहरूको पुरानो नेपाली इतिहास हराएको छ। हाम्रो नेपाली सान र गौरवहरू कहाँ पुग्यो ? हामीले बिर्सेका छैनौ, नाला पानीको इतिहास, विश्व युद्धमा विदेशी भूमिमा गोर्खाली सेनाको बहादुरी कदर ! राणा शासन विरुद्धमा देशका लागि बलिदान दिने धर्म भक्त माथेमा, शुक्र राज शास्त्री, गंगालाल, दशरथ चन्द्र वीर शहिदहरूलाई हामीले शहिद दिवसको नाममा मात्र सम्झन बाध्य छौं ।

देश परिवर्तनको नाममा हामीले व्यवस्था फेर्यौं, शासक फेर्यौं तर शासन पद्धति व्यक्तिको सोच फेर्न सकेनौ । देशको लागि आवाज उठायौं तर देशको लागि बलिदान त्याग गर्न सकेनौ किन ? आज विश्वका धेरै राष्ट्रहरू मध्येमा नेपाल भष्ट्रचारको पराकाष्ठ देश, अव्यवस्थित, प्रदुषण, गरिब देश भनेर दैनिक समाचार पत्रपत्रिकमा यस्तै नरामा कुराहरू मात्र सुन्न र पढ्नु पर्छ । किन हामी बहादुर वीर गोर्खालीको देश आज निरह सपना बोकेर बाँच्नु परेको छ ! दोष कसको हो हामी कहाँ चुक्यौ ?

वैदेशिक रोजगारमा गर्व गर्ने सरकार ! विदेशी सामानहरू आयातित गरेर भन्सार शुल्कमा बजेट तर्जुमा गर्दछ । आफ्नो देशको उद्योग धन्दा, कलकारखाना सबै चौपट भएर बन्द भएकोमा चिन्ता छैन । बेराजगार नागरिकहरू रोजी रोटीको लागि काम गर्ने ठाउँ छैन व्यवसाय गरी खाने वातावरण छैन । देशको शिक्षा नीति व्यावसायिक अर्थपाजन र आत्म निर्भर हुने सैद्धान्तिक ज्ञान छैन । स्वदेशी भाषाभन्दा पनि विदेशी भाषालाई प्राथमिकता दिएर पठन पाठनको नेपाली शिक्षाले भविष्यमा विदेशिने मानसिकताको उपज आज देशका होनहार पढे लेखेका कर्मठ युवाहरू विदेशीतिर पलाएन भएका छन् । मध्यम वर्गीय विद्यार्थीहरू राजनीतिमा होमेर फस्ताएको नेपालको प्रमुख पेसा लगानी विनाको राजनीति भने फलिफाप भएको छ । राजनीतिमा लाग्ने तिनै नेता र कार्यकर्ताहरू कै भविष्य उज्वल छ। आज देश वासीहरूले भोग्नु परेको पीडामा कसलाई सरोकार छ । सबै नेता पार्टीहरू आ आफ्नै स्वार्थ पुर्तीमा केन्द्रित छन्। देश व्यवस्थापन र संविधानको कार्यान्वयनभन्दा पनि आफ्नो चुनाव मुखी अभियानमा जसरी हुन्छ चुनाव जित्ने तयारीमा छन् । भोलि यो देशमा तिनै नेता कार्यकर्ता र पार्टीबाट चुनाव जितेर यो देशको विकास र समुन्नतीको परिकल्पना कसरी गर्न सकिन्छ ?

नेपालको जन आन्दोलनमा विदेशी राजनीतिज्ञ सर्वेक्षकहरूले भनेका थिए । नेपालमा अँझै दश वर्ष लोकतन्त्र आउन हुँदैन ! जनताहरूले स्वतन्त्रता पचाउन सक्दैन ! आज त्यस्तै भयो ! राष्ट्रवादको खोक्रो नाराले मात्र देश चल्दैन ! राष्ट्र के हो ? राष्ट्रियता के हो ? राष्ट्रिय झण्डालाई बेवास्ता गर्ने, राष्ट्रिय पोसाकमा गर्व नगर्ने उच्च नेताहरूले नेपाली स्वाभिमान गिराएको पाउछौं । देशको कुना कन्दरामा गुन्जने राष्ट्र भक्त राष्ट्रिय गीतहरू हराएको छ । देश बनाउन भाषण र सत्ता मुखि शासनले कतै देश परिवर्तन भएको छैन । शासक वर्गको निहित स्वार्थमा देशको लागि भनेर लडने अनजान बहादुर प्रहरी, सेना र देशको लागि बलिदान हुने शहिदहरूको आत्मा रोएको छ । नेपाल आमाका सपुत वीर शहिदहरूको योगदानलाई सलाम ! तिनीहरूको चिर आत्माको लागि कामना !

प्रत्येक वर्ष माघ १६ गते शहिद दिवस भनेर शहिदहरूको सम्मानमा राष्ट्रिय बिदा दिने गर्दछ । शासक वर्गहरू शहिदको शालिकहरूमा फुल माला चढाएर सम्मानको औपचारिकता पुरा गर्दछन् । देशमा शहिदको सपना र जनताहरूको चाहना पुरा हुने कहिले ?

# भुटानबीचको दोक्लाम विवादमा भारत किन आयो ?



**विष्णु भट्टराई**

चीन, भुटान र भारतबीचको त्रिदेशीय सीमा क्षेत्र 'डोक्लाम' को विषयलाई लिएर सुरु भएको विवाद यतिबेला अन्तर्राष्ट्रिय चासोको विषय बनेको छ। यद्यपि यो विवादमा भुटान छायामा परेको छ भने भारत र चीनबीचको तनाव बढ्दो अवस्थामा छ।

यो भुटान र चीनबीचको सीमा विवादको समस्या हो । यी दुई देशबीच सीमा समस्या समाधानका लागि यसअघि भएका प्रयासले सार्थकता पाउन नसकेपछि पुन: अहिले डोक्लाम क्षेत्रमा यस्तो विवादको अवस्था देखिएको हो । भुटानका तत्कालीन प्रधानमन्त्री जिग्मे वाई थिन्लेको समयमा चीनसँगको सीमा विवाद समाधानका लागि २२ पटकसम्म वार्ता भए पनि त्यसलाई सफल हुन दिइएन । बरु उल्टो चीनसँगको सीमालगायतका समस्या समाधान गर्ने र एकअर्को देशमा दूतावास स्थापनासहित द्विपक्षीय समस्या हल गर्ने पक्षमा रहेका तत्कालीन भुटानी प्रधानमन्त्री थिन्लेको पार्टीलाई चुनावमा हराइयो । भुटानको सुरक्षासहितको मामला भारतकै छत्रछायामा कायम राख्ने काम भयो ।

डोक्लाम, झोगलाम, ड्रोकलाम विभिन्न नामले चिनिने 'डोक्लाम पठार' भुटान, चीन र भारतबीचको त्रिदेशीय सीमा क्षेत्र र हालको यादोङ्ग काउन्टी र भुटानको हा भ्यालीको बीचमा पर्छ । ऐतिहासिक रूपमा यो तिब्बतको यातुंग व्यापारिक क्षेत्रको भागसमेत हो । अहिले यही क्षेत्रमा भुटान र चीनको संयुक्त दाबी छ ।

डोक्लामको मुख्य क्षेत्र तिब्बतको चुम्बी भ्यालीअन्तर्गत पर्छ । सन् १८९० मा ब्रिटिस कमिसनर एडब्लू पाउल र चिनियाँ कमिसनर हो चांग-जुंगले हस्ताक्षर गरेको एङ्लो-चाइजिच सम्झौतामा समेत चुम्बी भ्यालीमा पर्ने उल्लेख छ । सन् १९८८ र सन् १९९८ मा चीन र भुटान दुवै राष्ट्र सीमा क्षेत्रमा शान्ति र स्थिरताका लागि लिखित सम्झौता गर्न सहमत भएका थिए । सन् १९६२ को भारत-चीन युद्धपछि भारतले भुटानका लागि बनाइदिएको नक्सामा डोक्लाम भुटानको सीमाभित्र समावेश गरिएको भारतकै बुद्धिजीवी तथा रुस र टर्कीलगायत देशका राजदूत समेत भइसकेका मेलकुलानगारा भद्रकुमारले उल्लेख गरेका छन् । भुटानले डोक्लाममाथि सन् २००० मा आएर मात्रै आफ्नो दाबी प्रस्तुत गरेको हो ।

डोक्लाम क्षेत्रको विषयलाई लिएर उत्पन्न विवाद चीन र भुटानबीच हुनुपर्ने हो । तर सुरक्षाको मामला भारतको भएको भन्दै भुटानको पक्षबाट भारत चीनको धुरा पस्न आउँदा उत्पन्न समस्या हो । यो विवाद गत जुन महिनामा चिनियाँ जनमुक्ति सेनाले डोक्लाममा निर्माण गरेको सडकमा भारतीय सेनाले अवरोध गरेपछि सतहमा आए पनि यसको पृष्ठभूमिमा धेरै घटना भएका छन् ।

जसले भारत र चीनबीचको द्वन्द्वका लागि कारक तत्वको भूमिका खेलेका छन् । पहिलो कुरा भारतीय सेना चिनियाँ सेनाको निर्माण कार्यमा अवरोध गर्न गएपछि मात्रै सीमा क्षेत्रमा तैनाथी बढेको हो । चिनियाँ सेना डोक्लाम क्षेत्रमा पहिलेदेखि नै बस्दै आएको थियो । बरु अहिले भारतसँग विवाद बढेपछि चीनले थप सैनिक बल पठाउन खोजेको हो । भारतले जी-२० को शिखर सम्मेलनमा विश्वका नेता उपस्थित हुनुभन्दा ठीक अघि रणनीतिक रूपमा यो कदम चालेको छ । जी-२० को शिखर बैठकमा चीनको प्रतिस्पर्धी तथा आलोचक अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसहितका नेता सहभागी थिए । जसबाट भारतले चीनलाई रोक्न सक्ने शक्ति आफूसँग तयार भइसकेको देखाउन खोजेको छ । जुन क्षेत्रीय शान्ति र स्थिरताको बाधक बन्न सक्छ ।

दोस्रो, भारतीय पक्षबाट शृंखलाबद्ध रूपमा चीनका संवेदनशील मुद्दालाई खेलाउने काम भएको छ । त्यसअघि चीनसँग सीमा जोडिएको भारतको अरुणाञ्चल प्रदेशमा तिब्बती निर्वासित नेता दलाई लामालाई निर्बाध रूपमा जाने वातावरण सिर्जना गरिनु, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासहित विशिष्ट व्यक्तिहरू सहभागी कार्यक्रममा दलाई लामाका प्रतिनिधिलाई पनि आमन्त्रण गरी सँगै राख्नु, 'प्रो दलाई लामा र एन्टी चाइनिज' मुभमेन्टको सिर्जना गर्न खोज्नु, उडिसामा दक्षिण एसियाका सांसदको बैठक भनेर दलाई लामाका सांसदलाई समेत बोलाउनु, सारनाथमा अन्तर्राष्ट्रिय बुद्धिस्ट सम्मेलनमा दलाई लामालाई प्रमुख अतिथि बनाउनु जस्ता कार्यले दुई देशबीचको सम्बन्धमा दरार उत्पन्न भइसकेको थियो ।

चीन पनि भारतले आफ्ना संवेदनशील विषय उठाएकामा चिन्तित थियो । अझ तिब्बतबारे चालिने कदम भनेको 'एक चीन नीति' को विरुद्धमा हुन जान्छ । जुन चीनसँगको कूटनीतिक सम्बन्धको सारतत्व हो । अमेरिका र चीनबीच समेत 'एक चीन नीति' र कूटनीतिक सम्बन्धबारे गत वर्षको अन्त्यतिर चर्को विवाद उत्पन्न भएको थियो । डोक्लाम विवादबारे केही समयअघि कांग्रेस आईका उपाध्यक्ष राहुल गान्धीले दिल्लीस्थित चिनियाँ राजदूतसँग समेत भेटेर कुराकानी गरेका थिए । यसैको पृष्ठभूमिमा सुरु भएको डोक्लाम विवादबारे दुवै देशका शीर्ष नेताले औपचारिक रूपमा केही नबताए पनि जिम्मेवार तहबाट आएका अभिव्यक्तिले दुई आणविक शक्ति राष्ट्र एकपटक फेरि आमनेसामने हुने सम्भावनालाई नकार्न सकिन्न । यद्यपि भारत र चीनबीच युद्ध भएको अवस्थामा युद्धरत पक्षको त नोक्सानी हुन्छ नै तर नेपाललाई समेत फाइदा पुग्नेछैन ।

भुटान र चीनले आपसमा बसेर सीमा विवाद हल गर्ने हो भने यो सजिलै समाधान हुने विषय हो । विश्वका १४ वटा देशसँग सीमा जोडिएको चीनले १२ देशसँगको सीमा सम्झौता गरिसकेको छ । चीनले कतिपय देशसँग साना देशलाई फाइदा नै हुने गरी समस्या समाधान गरेको छ । जसअनुसार नेपाललाई समेत करिब ३ सय वर्ग किलोमिटर भूभाग प्राप्त भएको छ । यदि भुटान र चीनबीचको सीमा विवाद पनि स्वतन्त्र रूपमा समाधान हुन दिने हो भने



सीमा समस्या हल हुन सक्ने विषय हो ।

कतिपय भारतीय सञ्चारमाध्यमका अनुसार भारत-भुटान विशेष सम्बन्धको परीक्षा चीनले खोजेको छ । सन् १९६२ को युद्धमा पनि भारत चीनसँग नराम्ररी पराजित भएर फर्किएको थियो । त्यसबेला उसले ' बहादुरी के साथ पिछे हट गया' भन्नु परेको थियो । अहिले पनि भुटानले आफ्नो सुरक्षाका लागि भारतको मुख ताक्नु सुरक्षित हुनु नभएको उनको बुझाइ छ ।

भुटानले अब आफ्नो सीमा समस्याको समाधान आफैं गर्ने हो भने बढी सफलता मिल्न सक्ने सम्भावना छ । चीन अब सन् १९६२ को होइन, उसले अहिले अमेरिकासँग प्रतिस्पर्धा गरिरहेको छ । त्यसको तुलनामा भारत धेरै तल छ । यस्तो अवस्थामा कमजोर राष्ट्रको सुरक्षा खोज्नु भनेको आफूलाई पनि असुरक्षित बनाउनु हो ।'

अहिले चीन भुटानबीच अप्रत्यासित रुपमा दोक्लम विवाद उत्पन्न भएको छ । सीमावर्ती क्षेत्रमा चीनले बनाउन थालेको निर्माणको विषयमा भारत चीन र भुटानबीच त्रिदेशीय विवाद चर्किंदै गएको छ । नाथुला, दोक्लम र चुम्बी उपत्यकाको भूराजनीतिक र सामरिक महत्व उच्च भएका कारण विवाद चर्किएको हो । दोक्लम लामो समयदेखि विवादित क्षेत्र हो । यसलाई चीन र भुटान दुवैले आफ्नो भन्दै आएका छन् । यसमा भारत अघि आउनु भनेको चीनसँग जोरी खोज्नु मात्र हो । भुटान भारतको कुनै बंगाल प्रदेशको विस्तारित रुप होइन । सुरक्षा र विदेश मामिलामाथि भारतको नियन्त्रण छ भुटानमा । भुटान एक स्वतन्त्र र सार्वभौम देश भएर पनि भारतद्वारा नियन्त्रित अवस्थामा छ । दोक्लम विवाद चीन र भुटानबीचको विवाद हो । तर यसमा भारत जोडिनुको कारण चीनको महत्वकांक्षी परियोजना 'वान बेल्ट वान रोड' (बीआरआई) नै हो । यसमा भारत सहभागी छैन । चीनको बीआरआई परियोजना सफल भए दक्षिण एसयाली मुलुकमा चीनको प्रभुत्व बढ्ने र आफ्नो मनोबल घट्ने मानसिकता पालेको छ भारतले । बीआरआईले विवादित कास्मिर हुँदै दक्षिण पाकिस्तानको अरबियन सागर नजिक ग्वादरसम्म सडक सञ्जाल छुँदैछ । यसले पाकिस्तानलाई थप उन्नतितर्फ उकाल्ने भयले भारत त्रसित बनेको छ । चीन र पाकिस्तानबीचको आपसी सम्बन्धबाट पनि भारत सन्तुष्ट छैन । चीनले पाकिस्तानलाई च्यापेकोमा भारत क्रुद्ध छ, किनकि पाकिस्तान भारतको चिरपरिचित दुश्मन राष्ट्र मानिन्छ । कास्मिर विवादले दुवै देशबीच उत्पन्न गराएको शत्रुता कायमै छ ।

चीन र भारतबीचको कूटनीतिक चिसोपन भारतले बीआरआईमा सहभागी नजनाएकै कारण उत्पन्न भएको हो । चिनियाँ सेनाको आक्रामक गतिविधिले भारत सशंकित बनेको छ । ग्लोबल टाइम्सले उठाएका प्रकरणहरुको दीर्घकालीन सामरिक र भूराजनीतिक प्रभाव रहने निश्चित छ । भारतका छिमेकीहरु नेपाल, पाकिस्तान, श्रीलंका, बंगलादेश, भुटान, अफगानिस्तान, माल्दिभ्स लगायतका देशहरुमा चीनले आर्थिक कूटनीतिमार्फत प्रभाव व्यापार र बजार विस्तार गर्ने रणनीति बीआरआईबाट लिएको भारतको बुझाइ छ । विश्वव्यापी रुपमा चिनियाँ लगानीको प्रत्याभूति, व्यापार र बजारको सुनिश्चितता, कूटनीतिक तथा सैन्य प्रभाव विस्तार चीनको रणनीतिबाट भारत तर्सिइरहेको छ । करिब ५० अर्ब डलरको चीन पाकिस्तान आर्थिक करिडर, अरब सागरसम्म विस्तार हुने पाकिस्तानको ग्वादर बन्दरगाह निर्माण, बंगलादेशसँग चीनले गरेको २४ अर्ब डलरको सम्झौता, श्रीलंकाको हम्वानटोट्टा बन्दरगाह, माल्दिभ्स र म्यानमारमा बन्दरगाह तथा विमानस्थल निर्माण जस्ता आर्थिक एवं सामरिक पूर्वाधार हरुले भारतीय स्वार्थलाई चुनौती दिइरहेका छन् । भारतले यसलाई सुरक्षासँग पनि जोडेको छ । चिनियाँ लगानीबाट सुरक्षामा पर्न सक्ने असरबारे भारतले अनुसन्धान सुरु गरिसकेको छ । चीनलाई सामरिक दृष्टिले टक्कर दिने अमेरिकी रणनीतिअन्तर्गत अमेरिकासँग भारत रणनीतिक साझेदार बनेपछि उसको सामरिक हैसियत र महत्वकांक्षा बढ्दै गएको छ । अमेरिकाको सहयोगमा दक्षिण एसियामा आफ्नो परम्परागत प्रभाव कायम राख्ने र चीनलाई नियन्त्रित गर्ने भारतीय रणनीति छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको हालै अमेरिका भ्रमण र ट्रम्पको मोदीप्रतिको विश्वासले पनि आगामी दिनमा भारतको दादागिरी अरु बढ्ने संकेत देखिँदैछ । इजरायलसँग हतियार खरिद सम्झौताले पनि भारत आफूलाई अझ सशक्त बनाउँदै चीनविरुद्ध खनिन खोज्दैछ भन्ने प्रस्ट हुन्छ । भारतमा नरेन्द्र मोदीको उदयपछि उसले सबभन्दा बढी हतियारले आफू सुसज्जित भएर छिमेकी मुलुकहरुलाई तर्साउने रणनीति अख्तियार गरिरहेको छ । यता चीन भने आफूले भिजन गरेको बीआरआईमा सहभागी नहुने भारतलाई कतै न कतैबाट सबक सिकाउनैपर्ने मान्यतामा देखिएको छ ।

दक्षिण एसियामा आफ्नो प्रभाव कायम गर्न चीन र भारत प्रतिस्पर्धामा देखिन्छन् । यही स्वार्थमा यिनीहरु मिल्छन् पनि । सन् २००३ मा सिक्किम भारतको प्रान्त हो भनेर भारतले स्वीकारेको थियो । भारतले पनि तिब्बत चीनकै भूभाग हो भनेर मान्यता दिएको थियो । यी दुईका साझा स्वार्थमा नेपालको लिपुलेकमाथि हस्तक्षेप गरियो । १९६२ को चीन भारत युद्धले कालापानी अतिक्रमित गरियो । अहिले चीनले सिक्किमलाई स्वतन्त्रतामा उतार्नेसम्मको भारतलाई चेतावनी दिइरहेको छ भने भारत अमेरिकी उक्साहटमा दलाई लामालाई चीनको सीमाक्षेत्र हिमाञ्चल र अरुणाचलतिर कुदाउन थालेको छ ।

आफ्नो सुरक्षामा निकै सतर्क रहने चीन भारतीय गतिविधिबाट सशंकित बन्दैछ । चीनलाई तिब्बत मामिलामा फसाएर अतिमहाशक्तिको ताज जोगाउने रणनीतिमा ट्रम्प प्रशासन लागेको छ भने यसलाई सहयोग गर्दा दक्षिण एसियामा आफ्नो प्रभुत्व कायम गर्न सकिन्छ भन्ने सोचाइमा छ मोदी प्रशासन । तत्कालीन सोभियत संघसँग २० वर्षे सैनिक सन्धि गरेर इन्दिरा गान्धीले सिक्किम विलय र पाकिस्तान टुक्र्याएर बंगलादेश बनाएकी थिइन् । अमेरिकासँग रणनीतिक साझेदारी गर्दै भारत-चीनविरुद्ध आक्रामक बन्ने योजनामा छ । साउथ चाइना सीमा चिनियाा सैन्य अड्डाको स्थापनाले एसियामा प्रभाव विस्तार गर्ने अमेरिकी रणनीतिलाई चुनौती दिएको छ । यसलाई भारतले समेत आफ्नो प्रभुत्वमाथिको अंकुशका रुपमा बुझेको छ । एकातर्फ वैदेशिक मामिलामा भारतका गतिविधि उत्ताउला बन्दैछन् भने भारत आफैं आन्तरिक द्वन्द्वमा फस्दै गएको छ । खालिस्तान, बोडो, कस्मिर आन्दोलन चर्किरहेका छन् । नेपाली भाषी भारतीयहरुले गोर्खाल्यान्डका लागि लडाइ लडिरहेका छन् । ब्रिटिस इन्डिया कम्पनीले झन्डै ६०० वटा स्वतन्त्र राज्यहरुमाथि खुनी हमला गरेर भारत नामक देश बनाइदिएका हुन् । अब तिनै राज्यहरुले विद्रोह सुरु गर्दैछन् । टिस्टा काँगडासम्मको नेपाली भूभाग भारतले कब्जा जमाइरहेको छ । ग्रेटर नेपाल बन्ने डरले गोर्खाल्यान्ड आन्दोलनमाथि दमन भइरहेको छ । चीनले सिक्किमको विषय उठाउँदैछ र टिस्टा काँगडाबारे बोलेको छैन । तिब्बतलाई सुरक्षित राख्नका लागि पनि चीनले नेपालको विषय उठाउन जरुरी छ । ग्रेटर नेपाल कायम नभएसम्म तिब्बत सुरक्षित रहन सक्दैन । दोक्लाम प्रकरणमा यदि चीन र भारतबीच युद्ध भए सिक्किम स्वतन्त्र र ग्रेटर नेपाल कायम नहोला भन्न सकिन्न ।

भारतले भुटानको सुरक्षाका लागि आफ्नो सेना डोक्लाम क्षेत्रमा परिचालन गर्दा अहिलेको समस्या उत्पन्न भएको हो । भारतले औपचारिक रूपमा भुटानको सुरक्षाको चिन्ता व्यक्त गरे पनि उसको खास उद्देश्य भनेको डोक्लाम क्षेत्रमा चीनको हक स्थापित भएको अवस्थामा आफ्नो पूर्वी राज्यसम्म पुग्ने 'चिकेन नेक' मा असुरक्षा हुन्छ भन्ने बुझाइ हो ।

भारत-चीनबीच सम्बन्ध राम्रो या नराम्रो हुनु र चीनले आफ्नो क्षेत्रभित्र सडक, यातायातजस्ता भौतिक पूर्वाधार र विकास गर्नुसँग कुनै साइनो छैन । बरु भारत-चीनबीचको यो समस्या एसियाली क्षेत्रको समग्र विकास र समृद्धिको प्रक्रियामा बाधक बन्न सक्छ । अहिले डोक्लाममा उत्पन्न विवादले भुटानलाई आफ्नो सार्वभौमिकताको रक्षा र प्रयोगका लागि घच्घच्याउनेछ, त्यसको पनि निरुपण खोज्नु पर्नेछ । अन्यथा 'ठूला माछाले साना माछा खान्छ' भनेझैं साना राष्ट्र उनीहरूको दबाब र प्रभावमा रहनुपर्ने बाध्यात्मक अवस्था लम्बिनेछ । कुनै समयको स्वतन्त्र राष्ट्र सिक्किम भारतमा विलय भएजस्तै भुटानको सार्वभौमिकताको रक्षा हुन सकेन भने अहिलेको अर्धऔपनिवेशिक अवस्था झनै पेचिलो बन्नेछ । दोस्रो विश्वयुद्धको अन्त्यसँगै बेलायती उपनिवेशबाट विश्वमा धेरै देशले स्वतन्त्र भएर आफ्नो अस्तित्व स्थापित गरेका छन् । परम्परागत रूपमा कसैको सुरक्षा आफ्नो मुठीमा राख्ने कुरालाई जायज मान्न सकिन्न । जहाँसम्म त्रिदेशीय सीमा समस्याको प्रश्न छ, यसलाई सरोकारवाला देशले वार्ताका माध्यमबाट तत्काल समाधान गर्ने हो भने यसले भविष्यमा हुन सक्ने यसप्रकारका द्वन्द्वको सम्भावना समाप्त पारिदिन्छ । पहिलो र दोस्रो विश्वयुद्धअघि बेलायत र दोस्रो विश्युद्धपछि अमेरिकाको विश्व राजनीतिमा जुन प्रकारको हस्तक्षेपकारी भूमिका रहेको थियो, अहिले त्यो घटेर गएको छ ।

*एजेन्सीहरुबाट*

## रोचक संसार

### बांगिएका रूख




यो संसारमा जंगलको कमी छैन यद्यपि पछिल्लो समयमा वनविनास चिन्ताको विषय बनिरहेको छ । तपाईंले विशाल तथा अग्ला अग्ला रुखहरुका जंगल प्रशस्तै देख्नुभएकै होला । तर के तपाईंले सबै रुखहरु ९० डिग्रीमा बांगिएका बांगे जंगल देख्नुभएको छ ? पोल्याण्डमा रहेको क्रुक्ड जंगल दुनियाको एउटा यस्तो विचित्र जंगल हो, जसका रुखहरु ९० डिग्रीमा बांगिएका छन् ।

यो जंगल पृथ्वीमा रहेका अन्य जंगलभन्दा निकै भिन्न छ । यो विशाल रुखहरुका कारण होइन ९० डिग्रीमा निहुरिएका रुखका कारण चर्चित बनेको हो । नोभे सजारनोभो गाउँ नजिकै रहेको छ यो जंगल जहाँका रुखहरु ९० डिग्रीमा झुकेका छन् । रुख उम्रिएर ३ देखि ९ फिटसम्म अग्लो भएपछि बांगो हुन थाल्दछन् । रुखको काण्ड ९० डिग्रीमा मोडिन्छ । किन यसरी काण्ड मोडिन्छ भन्ने कुरा चाहिँ रहस्यमै छ । द्वितीय विश्वयुद्ध अगाडिदेखि नै त्यो ठाउँमा जंगल रहेको बताइन्छ । स्थानीय मानिसहरुका कारण गुरुत्वाकर्षण बलका कारण रुखहरु बांगिएका हुन् । जबकि केही मानिसहरु चाहिँ अन्य ग्रहहरुबाट आएका प्राणीहरुले रुखहरु झुकाइदिएको दाबी गर्दछन् ।

### सबैभन्दा अग्लो लिफ्ट

प्रविधिको दुनियाँमा हरेक दिन विश्वमा नयाँ नयाँ खोज भइरहेका छन् । यस्तै वैज्ञानिक खोज तथा अनुसन्धान अनि निर्माणको जगतमा चमत्कार गरिरहेको चीनले भवन भन्दा बाहिर रहेको विश्वको सबैभन्दा अग्लो लिफ्टको किर्तिमान पनि आफ्नै नाममा राख्न सफल भएको छ ।

चीनको हुनान प्रान्तस्थित बाइलंग एलिभेटर विश्वको सबैभन्दा अग्लो आउटडोर लिफ्ट हो । पहाडको काखबाट सुरु भएर पहाडको टुप्पोसम्म पुगेको यो लिफ्टमा चढ्नेहरुले प्रकृतिको सुन्दर छटा अवलोकन



गर्ने सौभाग्य प्राप्त गर्न सक्छन् । यो लिफ्ट ३ सय २६ मिटर अर्थात् झण्डै एक हजार फिट अग्लो रहेको छ । गिनिज बुक अफ वर्ल्ड रेकर्डस् अनुसार यो विश्वको सबैभन्दा अग्लो आउटडोर लिफ्ट हो ।

यो लिफ्टमा तिनवटा डबल डेकर एलिभेटर लगाइएका छन् र हरेक एलिभेटरको भार बहन क्षमता ४ हजार ९ सय किलो रहेको छ । झण्डै एक हजार फिट अग्लो रहेको यो एलिभेटरको गति यति तिव्र छ की फँदबाट टुप्पोसम्म पुग्न जम्मा १ मिनेट ३२ सेकेण्ड मात्र लाग्दछ ।

### ऋण लागेपछि प्लास्टिक सर्जरी

सुन्दरता बढाउनका लागि मानिसहरु प्लास्टिक सर्जरी गरेको त सुन्नुभएकै होला । तर कतिपय मानिसहरु चाहीँ आफूले लिएको ऋण तिर्नु नपरोस् भनेर पनि प्लास्टिक सर्जरी गर्दा रहेछन् । एक जना महिलाले यस्तै गरेकी छिन् ।

चीनको सांघाइस्थित वुहान सहरमा एक जना महिलाले ऋण नतिरेको आरोपमा पक्राउ पर्ने डरले प्लास्टिक सर्जरी गराएकी छिन् । आफूलाई कसैले नचिनुन् र पक्रिन नसकुन् भनेर उनले प्लास्टिक सर्जरी गराई अर्कै रुप बनाएकी हुन् ।

ती महिलाको झण्डै ४ करोड रुपैयाँ बराबरको ऋण रहेछ । एक स्थानीय अदालतले उनलाई ऋण चुक्ता गर्ने आदेश दियो । त्यसपछि उनी सांघाइबाट भागेर सेन्झेन पुगिन् । सेन्झेन पुगेर प्लास्टिक सर्जरी गराइन् । तर प्लास्टिक सर्जरीले पनि उनलाई बचाउन सकेन । पुलिसले उनलाई पक्राउ गर्यो । जब उनी पक्राउ परिन् तब उनलाई देख्दा पुलिस नै अचम्ममा पर्यो ।

५२ वर्षकी ती महिला प्लास्टिक सर्जरी गरेर ३० वर्षकी जस्तै देखिएकी थिइन् । पुलिससँग भएको ती अभियुक्तको तस्वीर भन्दा उनको अनुहार विल्कुल फरक थियो । उनको वास्तविक नाम हू नाजुआन भएपनि उनी अर्कैको परिचयपत्रमा रेलमा यात्रा गर्थिन् ।

### सरकारी खर्चमा हिलो आयात

जाबो विदेशबाट हिलो खरीद गर्नका लागि करदाताको हजारौं डलर रकम खर्चिन्छ भने त्यस्तो आयातकर्ताको आलोचना हुने नै भयो । न्युजिल्याण्डमै अहिले यस्तै विवाद चलिरहेको छ ।

न्युजिल्याण्डमा हालै ९० हजार अमेरिकी डलर खर्च गरेर दक्षिण कोरियाबाट हिलो आयात गरिएको छ । न्युजिल्याण्डको रोटोरुवामा हुने मड टोपिया संगीत महोत्सवका लागि कोरियाली हिलो खरीद गरिएको हो ।

न्युजिल्याण्डको उत्तरी टापु सहर रोटोरुवाका संगीत महोत्वस आयोजकहरुले दक्षिण कोरियाको बोर्योंगबाट हिलो खरीद गरेका हुन् । संगीत महोत्वस आयोजकका अनुसार दक्षिण कोरियाबाट हिलो आयात गर्न केन्द्र सरकारले पैसा अनुदान दिएको छ ।

पाँच टन उक्त हिलोले आगामी पाँचवटा संगीत महोत्सवलाई पुग्ने बताइएको छ । आगामी डिसेम्बरमा संगीत र हिलोको संगमको रुपमा संगीत महोत्सव मनाइन्छ ।

स्थानीय सहरमै पर्याप्त माटो भएपनि त्यहाँको माटो पूरानो र मल कुहेको भएको हुँदा त्यसले हिलो खेल्ने मानिसहरुलाई बिरामी पार्नसक्ने भन्दै आयोजकहरुले दक्षिण कोरियाबाट मगाइने माटो कारखानामा बनाइएको ताजा माटो भएको बताएका छन् । सरकारी सहयोगमा हिलो आयात गर्ने योजना प्रति न्युजिल्याण्डका बासिन्दाहरुले तिव्र विरोध जनाएका छन् । कतिपयले पैसाको सत्यानास हुनेप्रति सचेत गराएका छन् भने कतिले क्वारेन्टाइनको विषयमा प्रश्न उठाएका छन् । जनताहरु जुत्तामा फोहोर हुँदा समेत भन्सारबाट भित्र छिर्न नपाउने तर सरकारले चाहीँ विदेशबाट हिलो खरीद गर्ने भनेर कतिपयले खिल्ली उडाएका छन् ।

हिलो खरीद गर्ने सरकारी योजनाको विरोध गर्दै न्युजिल्याण्डको करदाता युनियनका प्रवक्ताले संगीत महोत्सवका लागि विदेशबाट हिलो आयात गर्नु भनेको मरुभूमि महोत्सवका लागि दुबईले बालुवा आयात गरेजस्तो रहेको बताए ।

### जामबाट बच्न नदीमा पौडी

ट्राफिक जाम ठूला सहरको चिनारी तथा मुख्य समस्या नै हो । बिहानै उठेर अफिस जानुपर्ने कामकाजी मानिसहरुका लागि ट्राफिक जामले हैरानै बनाउँदछ । जामका कारण समयमा अफिस वा कार्यस्थलमा पुग्न नपाउँदा खानुपर्ने खप्की तथा बेहोर्नुपर्ने घाटा र समस्याका कुरै नगरौं । जामको यो समस्याबाट पार पाउनका लागि जर्मनीका एक व्यक्तिले गज्जबको समाधान निकालेका छन् ।

जर्मनीको म्युनिख सहरका बेन्जामिन डेभिड नामका यी व्यक्ति ट्राफिक जामको समस्याबाट पीडित थिए र प्राय: आफ्नो अफिसमा ढिला पुग्थे । तर अहिले उनले यो समस्याको सामना गर्नु पर्दैन । अहिले उनी अफिस जानका लागि सडकको जाम कुर्नु पर्दैन । उनी नदीको बाटो हुँदै जान्छन् ।

उनी दिनहुँ आफ्ना कपडा, ल्यापटप तथा जुत्ता एउटा वाटर प्रुफ झोलामा कोचेर सहरको बीचबाट बग्ने इसार नदी पौडी खेलेर पार गर्दछन् र अफिस जान्छन् । उनले दिनहुँ अफिस जान आउनका लागि २ किलोमिटर पौडिन्छन् ।

कतिपय मानिसहरु उनको यो कार्य देखेर हाँस्छन् पनि । तर उनलाई मानिसको खिसी देखि कुनै मतलब छैन । उनी यसैगरी अफिस जान रुचाउँछन् । आजकल जाम कुर्नु नपर्दा उनी सधैं समयमै अफिस पुग्न थालेका छन् ।

### कुकुरको घोडसवारी



तपाईंले कुकुरको वफादारीका विषयमा त कैयन् किस्साहरु सुन्नुभएकै होला । तर के कहिल्यै कुकुरले घोडसवार गरेको देख्नुभएको छ ? सायद छैन होला । तर अहिले एउटा कुकुरको घोडसवारीको भिडियो भाइरल बनिरहेको छ । वास्तवमा बफादार जनावर कुकुरले प्राय: अनौठा अनौठा हरकतहरु गरिरहन्छ । कहिले आफै नुहाएका त कहिले नाचेका भिडियोहरु इन्टरनेटमा देख्न पाइन्छ । अहिले चाहिँ एउटा कुकुरले घोडा चढेर घोडालाई हिँडाइरहेको भिडियो सोसल मिडियामा आएको छ । अमेरिकाको टेक्सासमा खिचिएको भिडियो हो यो । बेली नामक १० वर्षको उक्त कुकुरले गरेको घोडसवार निकै रोचक छ ।

अझ रोचक त के भने उक्त घोडाले पनि कुकुरलाई आफ्नो पिठ्यूँमा मज्जाले बसाइरहेको छ अनि कुकुरकै इशारामा हिडिरहेको छ । कुकुर निकै पोख्त देखिन्छ । मज्जाले घोडाको लगाम मुखले टोकेर अठ्याइरहेको छ भने हातले घोडाको गर्धनमा समाएर आफु सन्तुलित भैरहेको छ ।

*एजेन्सीहरुबाट*

प्रेरक

## साधारण मानिसका लागि रचना



कुरा त्यो बेलाको हो जतिखेर उनको ख्याति देशभर फैलन सुरु भएको थियो । त्यसबेला कैयन् मानिसलाई उनी आफ्ना रचना सुनाउँथे । उनका ती कथा सुन्ने पाठक प्रायः सर्वसाधारण मानिस नै हुने गर्थे । त्यतिखेर उनका श्रोताहरूको संख्या हजारौं थियो ।

विस्तारै इंग्ल्यान्डकी महारानी भिक्टोरियाले पनि उनका कथा लेखन र वाचनशैलीको प्रशंसा सुनिन् । महारानी पनि कथाकार चार्ल्स डिकेन्सको रचना सुन्न लालयित भइन् र आफ्ना सेवकलाई डिकेन्सलाई बोलाउन पठाइन् ।

महारानीको आदेश पाउनासाथ उनका सेवक चार्ल्स डिकेन्स खोज्न हिंडे । उनलाई भेट्न कठिन भएन । सेवकले डिकेन्सलाई महारानीले खोजेको कुरा सुनाए र आफूसित हिंड्न आग्रह गरे । उनको अनुरोध अनुसार डिकेन्स पनि दरबार जान तयार भए । जब ती सेवकले डिकेन्सलाई महारानीसमक्ष प्रस्तुत गरे, तब महारानीले उनको रचना सुन्ने इच्छा व्यक्त गरिन् ।

डिकेन्सले महारानीसित भने- 'मेरो रचना महारानीबाट सुन्ने इच्छा व्यक्त गरिनु मेरा लागि अहो भाग्य हो । तर यसमा मेरा केही शर्त छन् । साँच्चै महारानी मेरो रचना सुन्न चाहनुहुन्छ भने त्यति बेला म आउनैपर्नेछ, जब म सर्वसाधारण मानिसलाई रचना सुनाइरहेको हुन्छु । माफ गर्नुहोला महारानी म राजमहलका लागि लेख्दिन । म त सामान्य जनताका लागि लेख्छु ।

डिकेन्सको जवाफ सुनेर महारानी आश्चर्यमा परिन् तर उनले केही भनिनन् । उता डिकेन्स भने महारानीसित विदा मागेर फटाफट आफ्नो घरतिर लागे ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

समस्याप्रति गम्भीर नबन्दा दुस्ख पाइनेछ । कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ । सामान्य काममा धन र श्रम खर्चनुपर्ला । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला । गोपनीयता बाहिरिनाले समस्या पर्न सक्छ । आफ्नो वस्तुमा अरूले दाबी गर्लान् । दोहोर्याएर प्रयत्न गर्दा बिग्रिएको काम सच्याउन सकिनेछ ।

### बृष

नजिककासँग असमझदारी बढ्नाले काममा बाधा हुनेछ । बलजफ्ती गर्दा पुरानो सम्झौता भंग हुन सक्छ । सोखले सञ्चित रकम खर्च गराउन सक्छ । पतिपत्नीमा अविश्वास बढ्ने सम्भावना छ । तापनि मिहिनेत गर्दा सामान्य आम्दानी भइरहनेछ । व्यवसायमा नाफा/घाटा बराबरी हुनेछ । वादविवादमा अघि नबढ्नुहोला । काममा शुभचिन्तकहरूले साथ दिनेछन् ।

### मिथुन

रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ । मिहिनेतले राम्रै प्रतिफल दिलाउनेछ । चुनौती चिर्दै काम बनाउन सकिनेछ । पहिले ईर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्नेछन् । शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा पनि विजयी भइनेछ । व्यापारलगायत आर्थिक लाभ हुने काममा मनग्य फाइदा हुनेछ । तापनि, आफ्ना योजना गोप्य राखेर अघि बढ्नुहोला ।

### कर्कट

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । लगनशीलताले परिस्थितिलाई बदल्न सक्छ । अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । थोरै भए पनि दिगो लाभ हुने काम प्रारम्भ हुनेछ । प्रतिष्ठित काम गर्दै फाइदाको स्रोत पहिल्याउन सकिनेछ । गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ । यात्रा गर्ने अवसर जुट्न सक्छ ।

### सिंह

समयमा सजग नबन्दा शुभचिन्तकहरू टाढिन सक्छन् । परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ । मिहिनेतको फल अरूलाई सुम्पनुपर्ने अवस्था आउन सक्छ । आफ्नाले समयमा सहयोग नगर्दा अवसर फुत्किएला । नजिकका साथीभाइसँग असमझदारी बढ्नेछ भने काम बिग्रने डरले सताइरहनेछ । बेसुरमा दिएको वचनले समेत आफैलाई अप्ठ्यारो पार्नेछ ।

### कन्या

काममा मिहिनेतको फल प्राप्त हुनेछ । प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ । साथीभाइले राम्रै सहयोग जुटाउनेछन् । पछिसम्म लाभ हुने काम प्रारम्भ गर्ने समय छ । भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला । व्यापारमा पनि मनग्य धनलाभ हुनेछ । सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ । रचनात्मक काममा जुट्ने समय छ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।

### तुला

विचारले धेरैलाई आकर्षण गर्ने समय छ । प्रशंसकहरू बढ्नेछन् । सहयोगीहरूले काममा साथ दिनेछन् । राम्रै फाइदाको योग छ । विगतको श्रमबाट प्रशस्त धन लाभ हुनेछ । मान-सम्मान पाइनेछ । बोलीको भरमा चिताएको काम सम्पादन हुन सक्छ । रोकिएका काम सम्पादन हुनेछन् । अध्ययनमा प्रगति हुनेछ । विशेष समारोहमा सहभागी बन्ने मौका मिल्न सक्छ ।

### वृश्चिक

सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ । विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला । प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ । नयाँ तथा रचनात्मक काम प्रारम्भ गर्ने समय छ । विगतका कमीकमजोरीलाई पनि सुधार गर्ने मौका छ ।

### धनु

समय दिन नसक्दा बन्न लागेको कामसमेत बिग्रन सक्छ । व्यवसायमा लगानी बढाउनुपर्ला । भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ । तत्काल फाइदा लिंदा भविष्यमा नोक्सान हुने देखिन्छ । समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला । आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ । अवसरका लागि निकै दौडधुप गर्नुपर्ला । यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ ।

### मकर

आय आर्जनका स्रोत बढ्नेछन् र सामान्य फाइदा पनि हुनेछ । तर सरसापटमा धन बाहिरिने समय छ । श्रमको मूल्यांकन भए पनि प्रतिफल तत्काल नपाइएला । लाभांश बाहिरिनाले अर्थअभाव देखा पर्नेछ । भैपरी आउने समस्याले पनि चिन्ता बढाउन सक्छ । आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । तापनि दिगो काममा लगानी गर्ने मौका जुट्नेछ ।

### कुम्भ

विशेष भेटघाटले काममा उत्साह बढाउला । मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । आँटले कीर्तिमानी दिलाउनेछ । साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । सामाजिक दायित्व बढ्नेछ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ । व्यापारमा निकै फाइदा हुनेछ ।

### मीन

गुमेको स्थान प्राप्त हुनुका साथै समाजमा आफ्नो वर्चस्व बढ्नेछ । व्यवसायमा पनि प्रशस्तै लाभ हुनेछ । रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुहोला । धर्मकर्म तथा परोपकारी काममा प्रवृत्त भइएला । मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउनेछ । भविष्यका लागि विशेष काममा जग बसाउन सकिनेछ । भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम सुरु हुन सक्छ ।

## 'प्रेमगीत २' बाट जन्मिए 'स्टार र ब्रान्ड'

कुनै पनि चलचित्रको व्यापारसँगै त्यसले केही नै केही प्रभाव पारेको हुन्छ । चलचित्रको व्यापार आफैंमा चलचित्र क्षेत्रका लागि नै सुखद कुरा हो । त्यसमाथि, करोडौं लगानी गरेर चलचित्र बनाउने निर्माताले सुखद सास फेर्न पाउनु आफैंमा सकारात्मक कुरा हो । हालै रिलिज भएको चलचित्र 'प्रेमगीत २' को आक्रामक ओपनिङले केही कुराहरुको सम्भावना देखाएको छ । जसले नेपाली चलचित्र क्षेत्रलाई फाइदा मिल्नेछ ।

१. यो चलचित्रको व्यापारसँगै नेपाली चलचित्रले एउटा स्टार पाएको छ । 'प्रेमगीत'बाट उदाएका नायक प्रदिप खड्का यो चलचित्रसँगै स्टारको रुपमा दहरिएका छन् । इनिसियल रुपमा हलमा दर्शक तान्न सक्ने स्टारडम उनमा देखिएको छ । जुन पावर नेपालमा नायक अनमोल केसीमा मात्र देखिएको थियो ।२. यो चलचित्रले एउटा ब्यानरलाई पनि स्थापित गरिदिएको छ । आशुसेन फिल्मस् एउटा राम्रो ब्यानरको छवि बनाउन सफल भएको छ, जसले निर्माण गरेका आगामी चलचित्रलाई पनि यही छविले फाइदा दिन सक्छ ।

३. यो चलचित्रले निर्माता सन्तोष सेनलाई चलचित्र क्षेत्रमा प्रभावशाली निर्माताको स्थानमा ल्यादिएको छ । 'चंखे शंखे पंखे' मा लगानी गरेर सफलताको स्वाद नपाएका सन्तोषले 'प्रेमगीत' बाट सफलतासँगै धेरै कुरा बुझ्ने मौका पनि पाएका थिए । यो चलचित्रसम्म आइपुग्दा उनी नेपाली चलचित्रका प्रभावशाली निर्माताको रुपमा दहरिएका छन् ।

४. नेपाली चलचित्रमा सिक्वेल वा पछाडि २ जोडिएका चलचित्र खासै चलेका छैनन् । 'नाइ नभन्नु ल' को सिरिजलाई छाड्ने हो भने अरु सिक्वेल वा पछाडि २ जोडिएका चलचित्र चलेका छैनन् । 'प्रेमगीत २' ले भने त्यसलाई क्रमभंग गरेको छ । चलचित्रको नाम नै आफैंमा एउटा ब्रान्ड बन्न सक्छ भन्ने देखाएको छ । आशा गरौं, निर्माता सेनले 'प्रेमगीत ३' का लागि पनि सोच्नेछन् ।

५. चलचित्रको मेकिङमा कञ्जुस्याँइ नगर्ने हो भने, दर्शकले पनि पत्याउनेछन् भन्ने यसको व्यापारले प्रमाणित गरेको छ । निर्माताको रुपमा कुनै पनि कञ्जुस्याइँ नगरेका निर्माता सेनले त्यसको प्रतिफल अहिले पाइरहेका छन् ।

## 'हामी शरणार्थी' भदौमा

भदौ ८ गतेबाट रिलिज हुन लागेको चलचित्र 'हामी शरणार्थी'को बारेमा पत्रकार सम्मेलन गर्दै जानकारी दिइएको छ । नायिका शिल्पा पोखेलको अनुपस्थितीमा आयोजित पत्रकार सम्मेलनमा निर्देशक विजय केरुङले यसलाई सत्य घटनामा आधारित चलचित्र भएको बताए ।

भुटानबाट लखेटिएर नेपालमा शरण लिएर बसेका शरणार्थीहरुको कथामा यो चलचित्र बनेको उनको भनाई थियो । उनले पूर्वका विभिन्न शिविरमा रहेका शरणार्थीको दुःख र कष्टलाई पर्दामा उतारेको बताए ।

नायिका शिल्पा पोखरेल अर्को एक चलचित्रको छायांकनमा व्यस्त रहेकाले पत्रकार सम्मेलनमा उपस्थित हुन सकिनन् । उनले, आफू यो चलचित्रमा दुई भतिज बोकेर भुटानबाट नेपाल आएकी यूवतीको भूमिकामा देखिएको टेलिफोन कुराकानीमा बताएकी छिन् ।

चलचित्रमा शिल्पा पोखरेलको साथमा जीवन भट्टराइको मुख्य भूमिका छ । चलचित्रमा अर्जुनकुमार पोखरेल, प्रकाश भण्डारी र प्रकाश शिवाकोटीको संयुक्त लगानी रहेको छ । चलचित्रमा हिमाल केसीको एक्सन, उत्तमजंग लिम्बुको संगीत, कमल राइको नृत्य, बैजु सिंहको पटकथा तथा संवाद, सौरभ लामाको छायांकन छ ।

## किन कमजोर बन्दैछन् निखिल ?



एक समय यस्तो थियो कि निखिल उप्रेतीको टाउको पोष्टरमा राख्दा मात्र पनि दर्शकहरुको ओहिरो लाग्यो सिनेमा हलसम्म । उनको एक्सनका 'दिवाना' अझै पनि कम छैनन् । केही वर्ष अगाडिसम्म निखिलको फिल्मसँग अन्य फिल्म एकसाथ जुध्न समेत डराउँथे । तर, अहिले निखिल अन्य फिल्मसँग जुध्न डराउनुपर्ने अवस्था सृजना भइरहेको छ । ५ वर्षपछि फिल्म 'भैरव' बाट फर्किएका निखिललाई अहिले आफ्नो स्टारडम जोगाउन समेत पसिना छुटेको छ । कमब्याक फिल्म भएका कारण 'भैरव' हिट सूचीमा सुचिकृत भयो तर त्यसपछिका फिल्मले निखिल उप्रेतीको क्रेज बचाउन साथ दिएनन् । कमजोर कथावस्तु नै हो पछिल्लो समय निखिल अभिनित फिल्म सफल नहुनुको कारण हो । हुनत, उनी प्रत्येक फिल्मको प्रचार प्रसारको क्रममा यो भन्न चाँहि बिर्सदैनन् कि म आफ्नो भूमिका र कथावस्तु हेरेर मात्र फिल्म साइन गर्छु । तर, उनले प्रत्येक फिल्मको प्रतिक्रियामा कमजोर कथावस्तु नै पाउँछन् ।

हाल 'रुद्र' प्रदर्शन भैरहेको छ । यो फिल्मलाई निखिल आफैंले निर्माण गरेका हुन् । शुक्रबार र शनिबार केही आशलाग्दो व्यापार गरे पनि आइतबारबाट भने 'रुद्र' लाई दर्शक अभाव भएको छ । एकसाथ प्रदर्शनमा आएको अर्को फिल्म 'प्रेमगीत २' ले थामिनसक्नु दर्शक हलसम्म तान्दा निखिलको स्टारडमले आइतबारबाट भने जादु चलाएको छैन् । 'रुद्र' हेर्ने अधिकांशले फिल्मको कथावस्तु नै सबैभन्दा कमजोर मानेका छन् । सिंगल हलका 'राजा' मानिने निखिल अहिले सिंगल हलमा पनि कमजोर बन्दै गएका छन् । अब निखिलले यो बुझ्न आवश्यक छ कि सधैं स्टारडमले फिल्म चल्दैन त्यसका लागि फिल्मको कथा र कथाभित्रको कथा बलियो हुन आवश्यक छ । स्टारडमको पावर त शुक्रबार र शनिबार मात्र देखिन्छ त्यसपछि त फिल्मको कथावस्तु नै बिक्नुपर्छ । अब निखिल उप्रेतीले यतातिर ध्यान दिने कि ?

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Visage = अनुहार The stern visage of the judge indicated that he has decided to impose a severe penalty (न्यायाधिशको कडा अनुहारले उनी कडा सजाय सुनाउन लागेका छन् भन्ने इंगित गर्दथ्यो)

Withstand = मुकाविला गर्नु As he is well prepared he can withstand any criticism or attack very easily (आफूलाई ज्ञान र सीपले सुसज्जित गरेको हुँदा, ऊ कुनै पनि आलोचना वा हमलाको सजिलै मुकाविला गर्न सक्छ)

Assuage = शान्त पार्नु, कम हुनु By eating two plates of rice, he assuaged his hunger (दुई थाल भात खाएर उसले आफ्नो भोकलाई शान्त गर्‍यो)

Brawn = मसलको बल (मुढेबल) He tries to solve every problem by brawn not by intelligence (ऊ सबै समस्या बुद्धिले भन्दा पनि मुढेबलले समाधान गर्न खोज्छ)

Curtail = छोटो बनाउनु After getting retirement from government service, he has curtailed his public life (सरकारी सेवाबाट निवृत्त भएपछि उसले आफ्नो सार्वजनिक क्रियाकलापमा कमि ल्याएको छ )

Dissonant= नमिल्दो His music is somewhat strange because he uses dissonant chord while composing (उसको संगीत अनौठोको हुन्छ किनकी ऊ नमिल्दो कर्डहरू प्रयोग गरी संगीतबद्ध गर्दछ)

Extraneous = बेमतलवका कुराहरू As his brain is full of extraneous things, he can not concentrate on important issue (उसको दिमाग बेकारका कुराले पूर्ण भएको हुँदा महत्वपूर्ण कुराहरूमा उसले ध्यान केन्द्रित गर्न सक्दैन)

Friction = मतभिन्नता, घर्षण At a time when country is under civilwar, friction among the constitutional forces can have only detrimental effect (देश गृहयुद्धमा जकडिएको बेला संवैधानिक शक्तिहरूबीच तनावले खाली नकारात्मक असर मात्र छोड्छ)

Grate = वाक्क बनाउनु The screams of quarreling children grated on the nervous of their mother (बच्चाबच्चीहरूको कलह र झगडाले तिनीहरूको आमालाई वाक्क बनायो)

Hiatus = छुट्टी Except for two years hiatus during which she was in USA, she devoted her life in classical music दुई वर्षको अमेरिकामा रहँदाको बेलाको छुट्टीको समयबाहेक तिनले आफ्नो सम्पूर्ण जीवन शास्त्रीय संगीतका लागि अर्पण गरिन्)

## सामान्य ज्ञान प्रश्नोत्तरहरु

मन पराएको कुरा लेखेपछि सडकमा गएर जोडसँग कराएर पढ्ने लेखकको नाम के हो ?
• थेकर

कुन देशको प्रसिद्ध साहित्यकारले लेख्दाखेरी अगाडि एउटा बिरालो राख्थ्यो ?
• बेलायतको जान्सन

कुनै एक देशको विश्वका अन्य मुलुकहरूसँग हुने लेखदेनलाई के भनिन्छ ?
• शोधनान्तर तथ्यांक

विवाह दर्ता ऐन कुन सालदेखि लागू भयो ?
• वि.स. २०२८

'नागरिक राजा' भनेर कुन देशको कसलाई सम्बोधन गरिन्छ ?
• फ्रान्सका लुइफिलिप

माकुराको कतिवटा खुट्टा हुन्छ ?
• ८

कुन भिटामिनले रगत जमाउने काम गर्छ ?
• भिटामिन के

सिनेमा स्कोपको आविष्कारक को हुन् कुन देशको हुन् र कहिले भयो ?
• हेरनी चेटिन, फ्रान्स सन् १९३१

मरेपछि पनि झुण्ड्याएको व्यक्ति को हुन् र कुन देशका हुन् ?
• ओलिभर क्रमबेल, बेलायत

आरएनएसीको स्थापना कहिले भयो ?
• सन् १९५९ जुलाई १

भारतको कुतुब मिनारका निर्माता को हुन् ?
• सुल्तान अल्तमस

बेलायतको पहिलो पत्रिका कुन हो ?
• लण्डन गजेट

विश्वको कुन नदीमा छाया देखिँदैन ?
• इसाइहरूको पवित्र नदी जोर्डन

सगरमाथाको चुचुरोमा पुग्ने प्रथम व्यक्ति को हुन् र कुन देशको हुन् ?
• राइन होल्ड मेसनर, इटाली

पुरूषको भेष धारण गरी ४० वर्षसम्म रानी भिक्टोरिया सेनामा सेवा गर्ने महिला को हुन् ?
• डा.जेम्सवेरी

कुन राजाको पालामा नेपालमा मुसलमानहरूको प्रवेश भएको थियो ?
• रत्न मल्ल

नेपालमा कफी खेती हुने जिल्ला कुन हो ?
• गुल्मी

श्री ३ चन्द्रशमशेर राणाको जन्म र मृत्यु कहिले भयो ?
• जन्म वि.सं. १९२०, मृत्यु १९८६

मोहनशमशेर राणा कसका छोरा हुन् र उनको जन्म र मृत्यु कहिले भयो ?
• चन्द्रशमशेर, वि.सं. १९४२–२०२३

## सुडोकु-अंक ६४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | | | १ | ८ | | ४ | | ५ |
| | | ४ | ९ | | | ७ | | |
| | | ७ | | ४ | | | | ८ |
| | ७ | | ६ | | | | ८ | |
| | | | | | | | ७ | |
| | २ | | | | १ | | ३ | |
| ८ | | | | ३ | | १ | | |
| | | २ | | | ९ | ८ | | |
| ५ | | ६ | | १ | २ | | | ७ |

## अंक ६३ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ४ | २ | ९ | १ | ७ | ३ | ८ | ६ |
| ६ | ७ | ३ | २ | ५ | ८ | ९ | १ | ४ |
| ५ | ९ | १ | ६ | ३ | ४ | २ | ५ | ७ |
| ९ | ८ | ५ | ७ | ४ | ६ | १ | ३ | २ |
| १ | ३ | ६ | ५ | २ | ९ | ७ | ४ | ८ |
| ४ | २ | ७ | ३ | ८ | १ | ६ | ९ | ५ |
| २ | ६ | ४ | १ | ९ | ५ | ८ | ७ | ३ |
| ३ | १ | ८ | ४ | ७ | २ | ५ | ६ | ९ |
| ७ | ५ | ९ | ८ | ६ | ३ | ४ | २ | १ |

## फरक थाहा पाई राख्नुहोस्

Sprain = मर्काउनु He sprained his ankle while stepping down the stair भर्‍याङ ओर्लंदा उसले आफ्नो खुट्टा मर्कायो ।

Strain= तन्काउनु, फैलाउनु He strained his ear to hear the conversation inside the room कोठाभित्र भइरहेको कुरा सुन्न उसले आफ्नो कान तन्कायो ।

Stationary = अगतिशिल, अडिराखेको The train collided with a stationary van अडिराखेको भ्यानसँग गएर रेल जुध्यो ।

Stationery = मसलन्द The budget allocated for stationery is not enough । मसलन्दका लागि छुट्याएको रकम पर्याप्त छैन ।

Statue = मूर्ति Bronze statues are exportable handicrafts धातुका मूर्तिहरू निर्यातयोग्य वस्तुहरू हुन् ।

Stature = उचाइ He is a scientist of international stature ऊ अन्तर्राष्ट्रिय स्तरको उचाइ भएको वैज्ञानिक हो ।

Statute = वडापत्र Every member of UN should honor its statute सबै सदस्य राष्ट्रहरूले संयुक्त राष्ट्रसंघको वडापत्रको आदर गर्नुपर्दछ ।

Stimulant = उत्तेजना ल्याउने Alcohol is thought to ba stimulant रक्सीलाई उत्तेजना पैदा गर्ने पदार्थको रुपमा लिइन्छ ।

Stimulus = मनोवल बढाउने Additional pay or allowances can be a stimulus for hard working employees अतिरिक्त तलव वा भत्ता परिश्रमी कर्मचारीहरूको लागि मनोवलवर्धक हुन सक्छ ।

Stomp = बेस्सरी कुल्चनु He knowingly stomped a snake to death उसले एक सर्पलाई जानीजानी कुल्चेर मार्‍यो ।

Stamp = बजार्नु In her anger, she stamped her foot on the floor रिसले उनले आफ्नो खुट्टा भुइँमा बजारिन् ।

# विद्यालय सहयोग तथा मर्मत कार्यक्रम


सामाग्री हस्तान्तरण गर्दै विश्व शिक्षाका सिनियर कार्यक्रम अधिकृत लक्ष्मीप्रसाद घिमिरे


सामाग्री हस्तान्तरण गर्दै बाल विकास समाजका कार्यक्रम निर्देशक किरण थापा


बाल अधिकार, बाल संरक्षणसम्बन्धी अभिमुखिकरण कार्यक्रमका झलकहरू


बाल अधिकार, बाल संरक्षणसम्बन्धी अभिमुखिकरण कार्यक्रमका झलकहरू



जिल्ला परियोजना सल्लाहकार समितिको बैठकमा परियोजनाको बारेमा प्रस्तुत गर्दै बाल विकास समाजका कार्यक्रम संयोजक सुभाष रेग्मी र कार्यक्रम व्यवस्थापक बिन्दु शर्मा


जिल्ला परियोजना सल्लाहकार समितिको बैठकका सहभागी



जनप्रतिनीधिहरूको लागि बाल अधिकार र संरक्षण सम्बन्धी कार्यक्रमका झलकहरू

**विद्यालय सहयोग तथा मर्मत कार्यक्रम**

बाल विकास समाजले विश्व शिक्षाको साझेदारीमा संचालित उन्नत भविष्य बनाऔं - दोस्रो चरण परियोजना अन्तर्गत विद्यालय सहयोग तथा मर्मत कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा कोचिङ कक्षा संचालन गर्न सहयोग गर्ने १३ वटै विद्यालयको प्रतिनिधिको उपस्थिति रहेको थियो भने विश्व शिक्षाका प्रतिनिधि, बाल विकास समाजका कार्यक्रम निर्देशक र यसै परियोजनाका कर्मचारीको उपस्थिति रहेको थियो । कार्यक्रममा परियोजनाको बारेमा र कार्यक्रमको उद्देश्यबारे कार्यक्रम संयोजक सुभाष रेग्मीले प्रस्ट्याउनु भएको थियो । साथै बाल विकास समाजका कार्यक्रम निर्देशक किरण थापा र विश्व शिक्षाका सिनियर कार्यक्रम अधिकृत लक्ष्मीप्रसाद घिमिरेले आफ्ना भनाइ राख्नु भएको थियो । कार्यक्रममा सहयोग पाउने विद्यालयहरु पन्चकन्या मा.वि सुडाल, महेन्द्रग्राम मा.वि सुडाल, ठूली ब्रम्हायणी प्रा.वि सुडाल, गणेश मा.वि ताथली, फैढोका नि.मा.वि ताथली, आशापुरी प्रा.वि सिपाडोल, गणेश मा.वि छालिङ, गणेश प्रा.वि झौखेल, बालभूषण नि.मा.वि झौखेल, गणेश प्रा.वि दुवाकोट, भारती प्रा.वि योसिङखेल, बाल सेवक नि.मा.वि हनुमानघाट र दत्तात्रय नि.मा.वि तचपाल रहेका थिए । एक वटा कोचिङ कक्षा संचालन गर्ने विद्यालयलाई रु १५,००० ।- र दुई वटा कोचिङ कक्षा संचालन गर्ने विद्यालयलाई रु. ३०,००० ।- बराबरको सहयोग दिइएको थियो । सहयोग भने विद्यालयकै मागअनुरुप दिइएको थियो । सहयोगमा पन्चकन्या मा.वि ले रु ३०,००० ।- बराबरको ३२ वटा चकति र एक वटा ढिकिच्याउँ, महेन्द्रग्राम मा.वि ले रु ३०००० ।- बराबरको एक वटा शिक्षक दराज र एक वटा ढिकिच्याउँ, ठूली ब्रम्हायणी प्रा.वि.ले रु १५००० ।- बराबरको एक वटा अफिस टेवल, गणेश मा.वि ताथलीले रु १५००० ।- बराबरको शैक्षिक तथा खेलकुद सामाग्री, फैढोका नि.मा.वि ताथलीले रु १५००० ।- बराबरको विज्ञान प्रयोगशालाका सामाग्री, आशापुरी प्रा.वि सिपाडोलले रु १५००० ।- बराबरको ५ वटा ह्वाइट वोर्ड, गणेश मा.वि छालिङले रु ३०००० ।- बराबरको खेलकुद सामाग्री, गणेश प्रा.वि झौखेलले रु १५००० ।- बराबरको खेलकुद सामग्री, बालभूषण नि.मा.वि झौखेलले रु १५००० ।- बराबरको विद्यालय पोषाक, गणेश प्रा.वि दुवाकोटले रु ३०००० ।- बराबरको एक वटा शिक्षक दराज र विज्ञान प्रयोगशालाका सामाग्री, भारती प्रा.वि योसिङखेलले रु १५००० ।- बराबरको विद्यालय प्रयोजनका सामग्री, बाल सेवक नि.मा.वि हनुमानघाटले रु १५००० ।- बराबरको खेलकुद सामाग्री र दत्तात्रय नि.मा.वि तचपालले रु १५००० ।- बराबरको ७०० वटा कापी बुझिलिइएका छन् । सामग्री हस्तान्तरण भने विश्व शिक्षाका प्रतिनिधि र बाल विकास समाजका कार्यक्रम निर्देशकबाट गरिएको थियो । सामग्री हस्तान्तरणपश्चात सबै विद्यालयले आफूले पाएका सामग्रीको सही सदुपयोग गर्ने भनी प्रतिबद्धता गरी कार्यक्रमको समापन गरिएको थियो ।

**भक्तपुरमा जिल्ला परियोजना सल्लाहकार समितिको बैठक**

बाल विकास समाजले विगत २६ वर्षदेखि श्रमिक बालबालिका, सुविधाविहीन बालबालिका तथा जोखिममा परेका वा पर्न सक्ने बालबालिकाहरूको अधिकारको विषयमा विशेष गरी शिक्षा, स्वास्थ्य र बाल संरक्षण तथा जनचेतनामुलक कार्यक्रमहरू संचालन गर्दै आएको छ ।

यसै सिलसिलामा विश्व शिक्षाको साझेदारीमा 'उन्नत भविष्य बनाऔं' परियोजना र यूनिसेफको साझेदारीमा Building Resilience and Preventing Trafficking through Family Preservation, Community Engagement and System Strengthening परियोजना भक्तपुर जिल्लाका सबै नगरपालिकाहरुमा संचालन भइरहेको छ । उक्त परियोजनाको जिल्ला परियोजना सल्लाहकार समितिको बैठक (District Project Advisory Committee) स्थानिय विकास अधिकृतको अध्यक्षतामा भएको थियो । वैठक भने जिल्ला प्रशासन कार्यालयको हलमा भएको थियो । वैठकमा जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, जिल्ला बालकल्याण समिति, जिल्ला शिक्षा कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुर इँट्टाभट्टा व्यवसाय संघ, विश्व शिक्षा र बाल विकास समाजका प्रतिनिधिहरु तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो । वैठकमा दुई वटै परियोजनाको विस्तृत रुपमा जानकारी गराइएको थियो ।

जानकारीपश्चात उक्त परियोजना र परियोजनाको भावी योजनाबारे छलफल गरिएको थियो । साथै इँटा भट्टामा काम गर्ने बालबालिकाको अवस्था कस्तो छ त र सुधार ल्याउनको लागि के गर्नु पर्ला भन्ने बारेमा छलफल गरिएको थियो । त्यसै गरी एकल बालबालिका, परिवारबाट पिछडिएका, जोखिममा परेका आदि जस्ता बालबालिकालाई कसरी उनीहरुको हक अधिकार दिलाउने तथा पारिवारिक पुनर्मिलन गराउने, जोखिमयुक्त कामबाट मुक्त गराउने जस्ता विषयमा छलफल गरिएको थियो । अन्तमा प्रस्तुत विषयमा उपलब्धिमूलक काम गर्न सरकारी निकाय, गै.स.स तथा भक्तपुर इँटा उद्योग व्यवसाय संघ मिलेर काम गर्नुपर्ने भनी कार्यक्रमको समापन गरिएको थियो ।

**जनप्रतिनिधिहरूको लागि बाल अधिकार र संरक्षण सम्बन्धी कार्यक्रम**

भक्तपुरका बालबालिकाले यहाँका स्थानीय तहमा बालमैत्री स्थानीय शासनको सुनिश्चित गर्न माग गरेका छन् । बाल अधिकार र संरक्षण सम्बन्धी भक्तपुरमा भएको अभिमुखीकरणमा बालबालिकाले यहाँका चारवटा नगरपालिकामा बालमैत्री शासन सञ्चालन गर्न माग गरेका हुन् ।

उनीहरुले बालबालिका भविष्य कर्णधारलाई साँच्चिकै साकार रुप दिने भए बालबालिकाको क्षेत्रमा लगानी बढाउनुको विकल्प नभएको बताए । बाल विकास समाजद्वारा आयोजित कार्यक्रममा बाल क्लव सञ्जाल भक्तपुरकी अध्यक्ष दीप्ति भुजेलले बालबालिकाको लागि आज गरिएको लगानीले दस वर्षपछि दोब्बर प्रतिफल दिने बताइन् । 'बालबालिका भोलिका कर्णधार हुन् भने हाम्रो क्षेत्रमा लगानी बढाउनुपर्छ', उनले भनिन् । बाल बिकास समाजका कोषाध्यक्ष सुरेन्द्र ढकालले बाल बिकास समाजसंग बाल बालिकाको क्षेत्रमा २६ बर्षको अनुभब रहेको र स्थानिय निकायलाई बालबालिका सम्बन्धी कुनै पनि योजना तथा कार्यक्रमहरु निर्माण तथा संचालन गर्नु परेमा सहयोग र समन्वयको लागि सदैब तत्पर रहेको कुरा बताउनुभएको थियो ।

त्यस्तै सञ्जालका पूर्वअध्यक्ष श्रीकृष्ण थापाले बालबालिका जनप्रतिनिधिहरुको प्राथमिकतामा नपरेको गुनासो गरे । उनले हालै सम्पन्न प्रत्येक नगरपालिकाका नगरसभाले बालबालिकाको क्षेत्रमा बजेट व्यवस्थापन नगरिएको भन्दै आक्रोश पोखे । 'जनप्रतिनिधिहरुको ध्यान सडक, बाटोघाटोजस्ता भौतिक पूर्वाधारमा मात्रै बढी ध्यान गएको छ', पूर्वअध्यक्ष थापाले भने, ' लगानीको बढी प्रतिफल पाउनको लागि बालबालिकाको क्षेत्रमा लगानी गर्नुपर्छ ।

उनले जिल्लाका चारवटै नगरपालिकाले पूर्ण खोपयुक्त, साक्षर र खुला दिसामुक्त नगर भनेजस्तै बालमैत्री नगरपालिका घोषणा गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा बालबालिकाको तर्फबाट बाल विकास समाजले यहाँका जनप्रतिनिधिहरुलाई अबको पाँच वर्षभित्र स्थानीय निकाय बालमैत्री हुन् प्रत्याभूति हुने गरी कार्य गर्न १८ बुँदे ध्यानाकर्षणपत्र बुझाएको छ ।

उक्त ध्यानाकर्षणपत्र बुझिलिँदै चाँगुनारायण नगरपालिकाका उपप्रमुख वीणा बाँस्तोलाले स्थानीय निकायले बालबालिकालाई मात्रै हेर्न नसकिने बताइन् । उनले करिब २० वर्षपछि स्थानीय तहमा जनप्रतिनिधिहरु आएकाले जनताका धेरै आशा र आकांक्षा भएकाले त्यसलाई क्रमश: पूरा गर्दै जाँदा बालबालिकाका क्षेत्रमा पनि काम गर्दै जाने बताइन् । कार्यक्रममा भक्तपुरमा चारवटै नगरका प्रमुख र उपप्रमुखलाई निम्त्याइए पनि चाँगुनारायण नपाका मेयर सोमप्रसाद मिश्र र उपप्रमुख बाँस्तोलामात्रै उपस्थित भएका थिए । कार्यक्रममा आएका वडा अध्यक्ष तथा वडा सदस्यहरुलाई ध्यानाकर्षणपत्र बुझाइएको थियो ।

कार्यक्रममा भक्तपुरका प्रमुख जिल्ला अधिकारी द्रोण पोखरेलले संविधानले नै स्थानीय तहलाई शक्तिशाली बनाएकाले स्थानीय तहमार्फत नै बाल अधिकार संरक्षण र सम्बर्द्धनमा कार्य गराउनुपर्ने सुझाव दिए । त्यस्तै बाल विका समाजका अध्यक्ष सुवास गौतम, कार्यक्रम निर्देशक किरण थापालगायतले बालबालिका सुरक्षित र उनीहरुको अधिकार संरक्षणविना समाज र देश अघि बढ्न नसक्ने बताए । कार्यक्रमको समापन बाल बिकास समाजका अध्यक्ष सुवास गौतमले गर्नुभएको थियो ।

**नव निर्वाचित जनप्रतिनिधिहरूलाई बधाई तथा बाल अधिकार, बाल संरक्षण सम्बनधित अभिमुखिकरण कार्यक्रम**

बाल विकास समाजको आयोजनामा तथा सेभ द चिल्ड्रेनको साझेदारीमा संचालित "नेपालमा रहेका ईट्टाभट्टामा कार्यरत बालबालिकाहरुको संरक्षण परियोजना" अन्तर्गत भक्तपुरका, काभ्रे र रामेछापका विभिन्न स्थानहरुमा बाल संरक्षण, शैक्षिक, स्वास्थ्य, बाल अधिकार तथा जनचेतनामुलक कार्यक्रम सन् २०१३ नोभेम्बर देखि संचालन गर्दै आईरहेको छ । यसै क्रमलाई निरन्तरता दिदै समाजले सुनापती गाउँपालिका रामेछापमा र खाँडादेवि गाउँपालिकामा स्थानीय जनप्रतिनिधिहरुलाई बधाई तथा बाल अधिकार, बाल संरक्षण सम्बनधित अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो । सुनापाति गाउँपालिका बाल बिकास समाज, सूर्येदय सेवा समाज तथा न्यायिक संसारको संयुक्त आयोजनामा सम्पन्न भएको थियो भने खाँडादेबि गाउँपालिका भने बाल विकास समाजको आयोजना तथा सेभ द चिल्ड्रेनको साझेदारीमा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा रामेछापमा यस परियोजना संचालन क्षेत्रहरु जस्तै खनियापानी, राकाथुम, पकरवासका नवनिर्वाचित जनप्रतिनिधिहरु लगाएत गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा सदस्यहरु र कार्यकारी अधिकृतको उपस्थितिमा ५४ जनाको सहभागीता रहेको थियो ।

कार्यक्रमको पहिलो सेसनमा नवनिर्वाचित जनप्रतिनिधिहरुलाई खादा ओडाई बाल विकास समाजले विगतमा यस परियोजनाले गरेका क्रियाकलापहरुको बारेमा प्रस्तुति गरी उपस्थित जनप्रतिनिधिहरुका माझ जानकारी गराईयो । कार्यक्रमको दोस्रो चरण अन्तर्गत उपस्थित जनप्रतिनिधिहरुलाई बाल अधिकार, बाल संरक्षण, बाल सवाल, विद्यमान एन तथा कानून, जनप्रतिनिधिहरुको काम कर्तव्य तथा अधिकार, स्थानिय स्तरमा बालबालिकाहरुको लागि जनप्रतिनिधिहरुको भुमिका आदि बिषयमा छलफल भएको थियो ।

बालबालिकाका हक अधिकार सुनिश्चत गर्न स्थानीय, जिल्ला तथा केन्द्रीय स्तरका सरकारी कार्यालय, विभिन्न संघसंस्थाहरु तथा सम्बन्धि सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गर्दै जादा कार्यक्रमक प्रभावकारीभई सफल हुने कुरा उपस्थित जनप्रतिनिधिहरुले राखेका थिए । साथै कार्यक्रम गर्दा लक्षित वर्गका लागि आएका कार्यक्रम तथा बजेट सही ठाउँमा लगाउनु पर्ने कुरामा समेत जोड दिए । उपस्थित केहि जनप्रतिनिधिहरुले बाल विकास समाजले संचालन गरेको कार्यक्रम धेरै फलदाय तथा प्रभावकारी भएकोमा धन्यवाद समेत व्यक्त गरे । यस किसिमको कार्यक्रमले संघसस्थाले स्थानीय स्तरमा संचालन गरेका कार्यक्रमको बारेमा स्थानीय जनप्रतिनिधिहरुलाई जानकारी हुने, कार्यक्रमको बारेमा सल्लाह सुझाव ग्रहण गर्ने मौका मिल्ने, एक आपसमा चीनजान हुने, एक आपसमा समन्वय तथा सहकार्य गर्न सजिलो हुने भएकोले यस्तो किसिमको कार्यक्रम परियोजना संचालन भएका सम्बन्धित स्थान तथा जिल्लाहरुमा सम्पन्न गरेमा भोलिका दिनमा काम गर्न सजिलो हुने कुरामा दुई मत नहोला ।

**प्रस्तुति : अनिल बके/विदुर नेपाल/भरत**

तेस्रो धार

रानी शर्मा तिवारी

# महिलाको प्रतिनिधित्व सुनिश्चित होस्

विश्वभरि नै राजनीतिमा महिलाको उपस्थिति/सक्रियता न्यून रहने गरेको छ। विश्वको सबैभन्दा विकसित भनिने र लैङ्गिक समानताको वकालत गर्ने संयुक्त राज्य अमेरिकामा समेत महिलाहरू राजनीतिमा कम मात्र अगाडि आउने गरेका छन्। अमेरिकामा हालसम्म एक जना पनि महिला राष्ट्रपति भएको इतिहास छैन।

विकसित राष्ट्रमध्येकै एक संयुक्त अधिराज्यमा भने राष्ट्र प्रमुख महारानी एलिजाबेथ छिन्। साथै त्यहाँ सरकार प्रमुखको रूपमा श्रीमती मार्ग्रेट थ्याचर प्रधानमन्त्री भइसकेकी छिन्। आश्चर्यजनक यथार्थ के छ भने विकसित भनिएका पश्चिमा राष्ट्रहरूले अविकसित र महिला विरूद्धको भेदभाव बढी भएको भनेर आक्षेप लगाउने गरेको दक्षिण एसिया क्षेत्रका राष्ट्रहरूमा महिलाहरू राजनीतिक उच्च ओहदामा पटक पटक पुगेका छन्।

यस क्षेत्रमा भारत, पाकिस्तान, म्यानमार, बांग्लादेश, र श्रीलंकामा पटक पटक महिलाले राष्ट्र प्रमुख र सरकार प्रमुखको भूमिका निर्वाह गरेका छन्, भने नेपालमा पनि महत्वपूर्ण जिम्मेवारीमा महिलाहरू पुगेका छन्। यसमध्ये पनि पाकिस्तान र बांगलादेश ईस्लामिक देश छन् जहाँ महिला माथी चरम भेदभाव रहेको आरोप लाग्ने गरेको छ। ऐतिहासिक रूपमा पनि भारतीय उपमहाद्विपका विभिन्न राज्यहरूमा समय समयमा विभिन्न रानी/महारानीहरूले राज्य गरेका छन्। यसरी विश्लेषण गरेर हेर्दा विकसित राष्ट्रहरूभन्दा दक्षिण एसियाली राष्ट्रहरूमा पहिलेदेखि नै महिला नेतृत्व बढी सकृय र स्वीकार्य रहेको स्पस्ट हुन्छ।

नेपालको राजनीतिमा प्रजातन्त्र प्राप्तिको आन्दोलनको शुरूवातदेखि नै महिलाहरूको उपस्थिति रहेको पाइन्छ। प्रजातन्त्र स्थापनापछि डडेल्धुराकी द्वारिका देवी ठकुरानी नेपालको पहिलो महिला मन्त्री भएकी थिइन्। द्वारिका देवी ठकुरानीका साथै, साहना प्रधान, मंगला देवी, शैलजा आचार्य आदी २००७ साल यताको नेपाली राजनीतिमा जिवनपर्यन्त सकृय रहेका नामहरू हुन्। तथापी, नेपाली राजनीतिमा महिलाहरूको उपस्थिति न्यून नै रह्यो।

पछिल्ला दशकमा नेपालले राजनीतिक संक्रमणकालका बावजुद पनि समावेशिताको क्षेत्रमा फड्को मार्न खोजिरहेको छ। संविधानसभामा प्रत्यक्ष तर्फ ३३ प्रतिशत र समानुपातिकमा ५० प्रतिशत महिला उम्मेदवारी अनिवार्य गरिएको मात्र होइन, समानुपातिकमा ५० प्रतिशत अनिवार्य चयन र दुवै गरी ३३ प्रतिशत उपस्थिति सुनिश्चित गर्ने प्रावधान राखियो। त्यति मात्र होइन नयाँ व्यवस्था अनुसार हुने स्थानीय निकायको निर्वाचनमा अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिलाको उम्मेदवारी दिनुपर्ने अनिवार्य व्यवस्था गरिएको छ। त्यतिमात्र होइन वडामा १ जना दलित मलिासमेत जम्मा २ जना महिलाको सदस्यता सुनिश्चित गरिएको छ।

महिला सहभागिताका लागि गरिएको यो व्यवस्था आफैमा स्वागतयोग्य भए पनि यस व्यवस्थाभित्र केही कमजोर पक्ष पनि रहेका छन्। यो व्यवस्थाले वडा सदस्य स्तरमा त महिलाको प्रतिनिधित्व आरक्षित गरेको छ, तर अध्यक्ष र उपाध्यक्षमा उम्मेदवारी मात्र सुनिश्चित गरेको छ। वडा अध्यक्ष खुला नै रहेको छ। सदस्यमा पनि एक जना दलित महिला भनेकोमा उक्त वडामा दलितको जनसंख्या नभएको कारण उम्मेदवारी नभएमा त्यो महिला आरक्षण पनि खेर जाने अवस्था सिर्जना हुनेछ।

अर्कोतर्फ, महिलाहरू सक्षम र सवल भई नसकेको हाम्रो समाजमा दुई राजनीतिक दलले अध्यक्ष र उपाध्यक्षमा आ-आफ्नो तर्फबाट जित्ने पुरूष उम्मेदवारमा सहमति गरी हार्नकै लागि कमजोर उम्मेदवारको रूपमा महिला उम्मेदवार खडा गर्ने प्रवृति पनि विकसित हुन सक्छ। त्यसै दुवै पदमा महिला र पुरूष दुवैको उम्मेदवारी हुँदा पुरूष नै जित्ने सम्भावना बढी रहन्छ हाम्रो जस्तो समाजमा। त्यसैले अहिलेको प्रावधानले महिलाको उम्मेदवारीलाई मात्र सुनिश्चित गर्छ, प्रतिनिधित्वलाई होइन।

तसर्थ, अहिले गरिएको व्यवस्था स्वागतयोग्य भए पनि त्रुटियुक्त छ। यो त्रुटी जानी जानी गरिएको पनि हुनसक्छ, अथवा त्रुटी तर्फ ध्यान नगएको हुनसक्छ। अहिलेको आवश्यक्ता के हो भने उम्मेदवारी मात्र होइन प्रतिनिधित्व सुरक्षित गरिनु पर्दछ। यसका लागि हाल गरिएको वडा सदस्य सम्बन्धी व्यवस्थामा दलित महिलाको स्थानमा सो वडामा दलित महिला नभए, पिछडिएको समुदायको महिला र त्यो पनि नभए अन्य महिलाको उम्मेदवार हुनसक्ने व्यवस्था गरिनु पर्दछ।

वडा अध्यक्षको हकमा कम्तीमा ४० प्रतिशत वडामा वडा अध्यक्षमा महिलामात्रको उम्मेदवारी हुने गरी आरक्षण गरिनु पर्दछ। गाउपालिका र नगरपालिकाको अध्यक्ष र उपाध्यक्ष मध्ये एक पदमा महिला मात्रको उम्मेदवारी हुने गरि आरक्षित गरिनुपर्दछ। यसरी आरक्षित गर्दा चक्रिय प्रणालीमा पालैपालो अर्थात एउटा निर्वाचनमा वडाध्यक्षमा महिला आरक्षण भएको वडामा अर्को पटक खुला गर्ने र एउटा निर्वाचनमा खुला भएकोलाई आरक्षित गर्ने, त्यसैगरी एउटा निर्वाचनमा अध्यक्ष आरक्षित र उपाध्यक्ष खुला भएकोमा अध्यक्ष खुला र उपाध्यक्ष महिलाका लागि आरक्षित अनि अध्यक्ष खुला र उपाध्यक्ष आरक्षित भएको स्थानीय तहमा अध्यक्षमा महिला आरक्षण र उपाध्यक्षमा खुला निर्वाचनको व्यवस्था गरिनु पर्दछ। यसो गर्न सक्यो भने मात्र महिलाको निर्णायक प्रतिनिधित्व सुनिश्चित गर्न सकिन्छ स्थानीय तहमा। नत्र यो व्यवस्थाले वडा सदस्यमा महिलाको सामान्य प्रतिनिधित्व सुनिश्चित गर्दै कर्मकाण्डी समावेशी संरचना खडा गर्नेछ। तर चत्रीय प्रणालीअनुसार पद नै आरक्षित गर्ने हो भने त्यसले महिलाको प्रतिनिधित्व सुनिश्चित गर्ने मात्र होइन, महिलाहरूको आत्मविश्वास र आत्मसम्मानमा वृद्धि हुनुका साथै नेतृत्व विकासले समेत सकारात्मक रूप लिनेछ।

तर्क के गर्न सकिन्छ भने अहिले गरिएकै व्यवस्थामा पनि महिलाहरू नेतृत्वमा आउन सक्ने अवस्था सिर्जना हुन सक्छ। पछिल्लो तथ्याङ्कअनुसार नेपालको कुल मतदाता संख्या १,४०,५४४८२ रहेकोमा महिलाको संख्या ६९,८४,६२५ अर्थात ४९.७ प्रतिशत रहेको छ। तर मतदाता रहेका मध्ये लाखौं पुरूष वैदेशिक रोजगारीका लागि विदेशमा रहेका छन्। त्यसैले मतदान गर्ने मतदातामा महिलाको संख्या नै बढी हुने निश्चित छ।

महिला मतदाताहरू महिला प्रतिनिधित्वप्रति सचेत हुने हो भने महिलाहरूको प्रतिनिधित्व स्थापित हुन सक्छ। तर हामीकहाँ परिवार र समाजमा महिलाको आर्थिक, सामाजिक हैसियत आदीका कारणबाट महिलाहरूले आफूले हाल्ने मत समेत घरका पुरूष पात्रको सहमति बेगर हाल्ने सम्भावना न्यून छ। हो महिलाको चेतनास्तर र नेतृत्व क्षमता विकास हुने हो भने यही व्यवस्थाबाट पनि महिला प्रतिनिधित्व सुनिश्चित हुन सक्छ। तसर्थ नेपाली समाजमा महिलाको राजनीतिक चेतनास्तर अभिवृद्धि नहुन्जेल केही दशकका लागि प्रतिनिधित्वको सुनिश्चितता सहितको आरक्षण गरिनु आवश्यक छ।

## आश्चर्यजनक...

कुनै पनि अंग छिटो चलाउन जति समय लगाउँछ, सर्पले त्यसको केही गुणा तीव्र गतिमा आफ्नो सिकारमाथि आक्रमण गर्छ। मान्छेले सर्पजस्तो तीव्र गति देखाउन खोजे ऊ ढल्छ, किनकि मस्तिष्कले यस्तो तीव्र गति थेग्ने सामर्थ्य राख्दैन।

सर्पका बारेमा धेरै अनुसन्धान गर्ने अमेरिकी डेभिड पेनिङ भन्छन्- सर्पको आक्रमणमा सिकारको बाँच्ने सम्भावना करिब करिब असम्भव हुन्छ। उनले महिनौंसम्म अमेरिकी रेलस्टेशनको सिकार गर्ने तरिकाको अवलोकन गरेका छन्। उनले संसारका विषालु र विषविहीन सर्पको पनि सूक्ष्म अनुसन्धान गरेका छन्। उनी भन्छन्- हामीलाई लाग्छ कि सर्पले जतिपटक सिकारमाथि हमला गरे पनि हमला नगरे जस्तो लाग्छ सक्छ। संसारमा सर्पका करिब ३ हजार प्रजाति पाइन्छन्। यसमा साना वाइपर्सदेखि ठूला अजिंगरसम्म पर्छन्। तर यिनीहरुमाथि त्यति धेरै अनुसन्धान भएको छैन। सर्पको गति आश्चर्यजनक हुनुमा उसको शरीरमा धेरैभन्दा धेरै मांसपेसी हुनु पनि हो। एउटा मानिसको शरीरमा औसत ७ सयदेखि ८ सय मांसपेशी हुन्छन् तर सानो प्रजातिको सर्पमा पनि १० हजारदेखि १५ हजार मांसपेशी हुन्छन्। सर्पका सबै मांसपेशी एक अर्कासँग जोडिएका हुन्छन्। यही कारण सर्पले जब आक्रमण गर्छ सबै मांसपेशीहरु एकसाथ रबरब्यान्ड जस्तै तन्किएर फुर्तिसाथ सक्रिय हुन्छन्।

सर्पले जुन रफ्तारका साथ सिकारमाथि हमला गर्छ, यसको असर खुद यसैमा पनि पर्छ। सर्पको आक्रमणको जुन रफ्तारमा अर्को जनावरको ज्यान जाने निश्चित हुन्छ। अमेरिकी अनुसन्धानकर्ता डेभिड पेनिङ भन्छन्- सर्पले ३० जी (गुरुत्वाकर्षण पावर) सम्म तीव्र गतिमा आफ्नो सिकारमाथि आक्रमण गर्छ। पृथ्वीको गुरुत्वाकर्षण शक्ति ९ दशमलब ८ एमएक स्क्वायर हुन्छ। पृथ्वीले आफ्नो गुरुत्वाकर्षण शक्तिले हरेक वस्तुलाई आफूतिर तान्छ तीव्र गतिमा त्यसको तीन गुणा तीव्र गतिमा सर्पले आफ्नो सिकारमाथि आक्रमण गर्छ। ८ जीको गतिमा रहेको लडाकु विमानको पाइलटले सुन्न लगाउँछ जबकि यो समयमा लडाकु विमान तीव्र गतिमा हावामा पुगिसकेको हुन्छ। यही रफ्तार १० जीमा पुग्यो भने पाइलट नै अचेत हुने सम्भावना हुन्छ। तर सर्पले यसको पनि ३ गुणा तीव्र गतिमा सिकारमाथि हमला गर्न सक्छ। कुनै छेपारो वा सरिसृपले आफ्नो जीब्रोको तीव्रतासँगै सिकार समात्छ। तर यसमा र सर्पमा तुलना गर्दा ती जनावरको मस्तिष्क नभएर जिब्रो मात्रै त्यति तीव्र रफ्तारमा हुन्छ। जब सर्पले हमला गर्छ उसको जिब्रो र मस्तिष्क मात्र नभएर पूरै शरीर नै रफ्तारमा हुन्छ। मस्तिष्क शरीरको एक संवेदनशील र कमजोर अंग हो। आम रुपमा अरु जनावरको मस्तिष्क यति तीव्र गति या झट्का सहन गर्न सक्दैन। जब लडाकु विमानका पाइलट तीव्र गतिमा हावामा उडिरहेको हुन्छ, त्यसबेला उसको शरीरको रगत खुट्टासम्मै तीव्र रहेको हुन्छ। यदि रगत फर्किएर दिमागमा पुगेन भने ऊ बेहोस हुने डर हुन्छ। तर सर्पले तीव्र गतिमा आक्रमण गरेको समयमा आफ्नो दिमागमा पर्ने झट्कालाई पनि सजिलै झेल्न सक्छ। यो सर्पको मस्तिष्कमा रहेको विशिष्ट क्षमता पनि हो। वैज्ञानिकहरुको मान्यता छ, सर्पको टाउकाको बनावटका कारण यस्तो सम्भव भएको हो। वैज्ञानिकहरुले सर्पको अध्ययन गर्दै मानिसलाई पनि यति तीव्र गतिको झट्काबाट बचाउन सकिन्छ कि सकिँदैन भन्ने विषयमा अनुसन्धान गर्दै उपाय खोजिरहेका छन्।

## कहाँ कुदाउने...

विश्वको धनी देश चीनमा समेत साइकललाई प्रमुख सवारीका रुपमा युवायुवतीदेखि वृद्धसम्मले लिने गरेका छन्। तर हाम्रोजस्तो कंगाल मुलुकमा मोटरसाइकल र कारको बाढी लगाउने नीति सरकारले लिएकाले गर्दा देशको सम्पूर्ण सम्पत्ति पेट्रोलियम र गाडी खरिदमा खर्च भइरहेको छ। 'बडाले जे गऱ्यो काम हुन्छ त्यो सर्वसम्मत' भन्ने श्लोक छ। हाम्रा नेता, ठूलाबडा प्रशासकहरुले मोटरकारको संस्कृतिलाई प्रोत्साहन गरेका कारण समाजमा यसले नराम्रोसँग जरा गाडिसकेको छ। आर्थिक र पर्यावरणीय दृष्टिकोणले समेत हानिकारक ठहरिएको मोटरकार संस्कृतिलाई बदलेर साइकल संस्कृति भित्र्याउने नीति र नेतृत्वको खाँचो छ।

## सांसदलाई पनि...

जारी नै राखेको छ। जनता चुसेर नेता र कर्मचारी मात्र मोटाउने संघीय लोकतान्त्रिक गणतन्त्रको रफ्तार कहाँसम्म चल्छ त्यो भने हेर्न बाँकी नै छ।

## वाग्ले...

विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय विकासमा स्नातकोत्तर र बेलायतको लण्डन स्कुल अफ इकोनोमिक्सबाट अर्थशास्त्रमा स्नातक गरेका छन्।

वाग्लेले विश्व बैकको मुख्यालय वासिङटन डिसिमा वरिष्ठ अर्थशास्त्रीको रुपमा धेरै समय काम गरेका थिए। राष्ट्रसंघीय विकास कार्यक्रममा पनि उनीसँग नीति विश्लेषकको रुपमा काम गरेको अनुभव छ। उनको दर्जनभन्दा बढी अर्थशास्त्रसम्बन्धी प्राज्ञिक लेख अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित छन्। उनी २०४६ सालको एसएलसीका बोर्ड सेकेण्ड पनि हुन्।

## पुरीले...

सम्बन्ध चीन र नेपालको जस्तो नभएको बताएका थिए। 'पहिलाजस्तो भारत नरहेको भन्दै सम्बन्ध सुधार गर्न तयार रहेको' राजदूत पुरीले ओलीलाई बताएको दाहालले जानकारी दिए।

## उकासिंदै...

सामान फलाम तथा स्टिल, सुनचाँदी, मेसिनरी औजार, लत्ता कपडाको आयात सबभन्दा बढी छ। नेपालबाट उच्च निर्यात हुनेमा कार्पेट, चिया, कफी, तरकारी, हस्तकला पर्छन्। तर आयातको तुलनामा निर्यात नगन्य छ। ७४ अर्ब रुपैयाँको सामान बेच्ने देशले एक खर्ब ४० अर्बको पेट्रोलियम र १७ अर्ब रुपैयाँको बिजुली आयात गरेको छ।

## नेपालको....

विज्ञप्तिमा लिपुलेक भन्ज्याङलाई भारत र चीनले अन्तरदेशीय सीमा व्यापारको नाकाको रुपमा विकसित गर्ने कुरा ४१ बुँदे विज्ञप्तिको २८ नं. बुँदामा उल्लेख गरियो। लिपुलेक नेपालको भूभाग भएको र नेपालसँग कुनै परामर्श नै नगरी भारत र चीनले उपयोग गर्ने समतिको देशभक्त नेपालीहरुले तीव्र विरोध गरे। तर भारत र चीन दुवैले लिपुलेकबारे नेपालको असन्तुष्टिबारे किंचित पनि सोचेनन्। नेपालका ठूला भनिने राजनीतिक दलहरु कांग्रेस एमाले र माओवादीले लिपुलेकबारे आधिकारिक धारणा अहिलेसम्म बनाएका छैनन्। तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले यस विषयमा दूतका रुपमा डा. रामशरण महतलाई दिल्ली पठाए पनि भारतीय पक्षबाट कुनै प्रतिक्रिया आएन। तत्कालीन परराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डेले चीन र भारतबीचको लिपुलेक समझदारीबारे कूटनीतिक च्यानलबाट दुवै देशसँग जानकारी मागिएको संसदको अन्तर ाष्ट्रिय सम्बन्ध तथा श्रम समितिलाई जानकारी गराएका थिए। संसदमा लिपुलेकबारे प्रश्न उठेपछि हालसम्मको नक्साअनुसार लिपुलेक नेपाली भूमि नै भएकोमा कुनै द्विविधा नरहेको पाण्डेले बताएका थिए। तर त्यसपछि लिपुलेकबारे चीन र भारतले कस्तो प्रतिक्रिया दिए जानकारीमा आएन। अहिले भारतले त्यस क्षेत्रमा पदमार्ग बनाएपछि नेपालको सार्वभौमिकतामाथि भारतले धावा बोलेकोमा राष्ट्रवादी नेपालीहरु चिन्तित र आक्रोशित देखिएका छन्।

नेपाल र भारतबीच सन् १८१६ मा भएको सुगौली सन्धिको धारा ५ अनुसार काली नदी नै नेपालको पश्चिमी सीमाको रुपमा निर्धारित भएको छ। लिम्पियाधुराबाट उत्पन्न कालीनदी सीमा भएकाले त्यसको निकै पूर्वतिर पर्ने लिपुलेक स्वतः नेपालको भूभाग हो। नेपाल र चीनबीच सन् १९६१ अक्टोबर ५ मा भएको सीमा सन्धिको दफा १ को उपदफा (१) मा लेखिएको छ- नेपाल चीन सीमारेखा कालीनदी टिंकर नदीको पानी ढलो तथा कर्णाली (मापचु) नदीका सहायक नदीहरु र टिंकर नदीको पानी ढलो सम्मिलित भएको स्थानबाट प्रारम्भ हुन्छ, त्यहाँबाट यो दक्षिणपूर्वतर्फ कर्णाली (मापचु) नदीका सहायक नदीहरु तथा टिंकर नदी र सेती नदीका पानी ढलो हुँदै लिपुधुरा (न्युमोचसा) हिमालको श्रृंखला र लिपुधुरा (टिंकर लिपु) भन्ज्याङतक जान्छ। यस सन्धिअनुसार पनि लिपुलेक नेपालको हो भन्ने प्रस्ट देखिन्छ। भारत र चीन आआफैंले हस्ताक्षर गरेका सन्धिहरुअनुसार लिपुलेक नेपालको भएकाले त्यस क्षेत्रमा भारतले नेपालसँग स्वीकृति नलिई पदमार्ग बनाउनु अन्तर ाष्ट्रिय कानुनविपरीत छ।

सुगौली सन्धिलगत्तै लण्डनबाट प्रकाशित इम्प्रुम्ड म्याप अफ इन्डिया' शीर्षकको २ जनवरी १८१६ को नक्सामा लिम्पियाधुरा नजिकबाट झरेको नदीलाई कालीनदी लेखिएको छ। यस्तै स्केच अफ कुमाउँ शीर्षकको १८१९ मा सर्वेयर क्याप्टेन एचएस वेलले तयार गरेको सर्वे अफ इन्डियाले छापेको नक्सामा लिम्पियाधुराबाट निस्केको नदीलाई कालीनदी लेखिएको छ। युएस आर्मीले वाशिंगटनबाट १९५४ मा निकालेको नन्दादेवी मानसरोवर शीर्षकको नक्सामा लिम्पियाधुरबाट निस्केको कुटियाङ्दी लेखिएको छ। कुटियाङ्दी भनेकै काली नदी हो। १९६७ मा सोभियत संघबाट प्रकाशित वर्ल्ड एटलस द्वितीया संस्करणमा लिम्पियाधुराबाट उद्‌गम नदीलाई कालीनदी लेखिएको छ। भारत, बेलायत, अमेरिका, रुस लगायतका अन्तर्राष्ट्रिय नक्सालाई आधार मानेर भन्दा कालीनदी नेपाल भारतबीचको सीमा नदी हो। यसकै पूर्वतर्फ पर्ने लिपुलेक स्वतः नेपालभित्र पर्छ। तर महाकाली नदीको पानीमाथि भारतको गिद्देदृष्टि परेकाले कालीको मुहान कुन भन्ने विषयमा अनावश्यक विवाद निकालेर लिम्पियाधुराको बदला त्यसको पूर्वतर्फ नक्कली मुहान देखाएर भारतले हाइड्रोलोजिकल आधारको उल्लंघन गरेको छ।

लिम्पियाधुरादेखि कालापानी र लिपुलेकसम्मको करिब ३ सय ७२ वर्गकिलोमिटर नेपालको जमिन कब्जा गर्ने भारतको मनसाय देखिएको छ। यो क्षेत्र सामरिक पर्यटकीय, व्यापारिक पर्यटकीय तथा तीर्थाटनका दृष्टिकोणबाट महत्व राख्ने भएकाले भारतले १९६२ देखि कालापानीमा अर्धसैनिक दस्ता तैनाथ गरी नेपालको भूभागमा विस्तार गर्न खोजिरहेको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणमा आउँदा विवादित सीमा समस्या दुईपक्षीय टोलीले वार्ताद्वारा चाँडै सुल्झाउने उल्लेख गरे पनि भारतले उल्टो व्यवहार गर्दै नेपालको लिपुलेक कब्जा गर्दैछ। भारतले लिपुलेक मात्र होइन पूर्व झापादेखि पश्चिम महेन्द्रनगरसम्म गरी ८६ स्थानमा नेपाली भूभाग अतिक्रमण गरेको सीमाविदहरुले भनिरहँदा सरकार भने प्रतिक्रियाविहीन भएर बसेको छ। अब नेपाल जोगाउन देशभक्त नेपालीहरु एक भएर भारतीय अतिक्रमणका विरुद्ध आन्दोलनमा नउत्रिने हो भने नेपालको सार्वभौमिकता अक्षुण्ण रहने छैन। नेपालका शीर्ष राजनीतिक दलहरु भारतसँग लम्पसारवादको नीतिमा चलेका कारण भारतले नेपालको भूभागमाथि कब्जा जमाउँदै लगेको छ। नेपालमा सरकार बनाउने र गिराउने सामर्थ्य राख्ने भारतले नेपाली भूमि हडप्नुलाई सामान्य मानेको हुन सक्छ। अरुणाचल, हिमाञ्चलमा चीनसँगको सीमा विवादमा फसिरहेको भारत लिपुलेकमा दादागिरी देखाएर नेपालको राष्ट्रिय अखण्डताको अपमान गरिरहेको छ।

## वर्षासँगै...

रुघाखोकी लाग्ने जस्ता लक्षण भएका बिरामी दिनहुँ ८-१० हुने गरेको अस्पतालका फिजिसियन बताउँछन्। अस्पतालमा स्वाइन फ्लुका अतिरिक्त स्क्रब टाइफस र डेंगुका बिरामी पनि आउने गरेको बताइएको छ।

# ११ एआईजीमा बढुवा

काठमाडौं। मन्त्रिपरिषद् बैठकले ११ प्रहरी नायब महानिरीक्षक (डीआईजी) लाई प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) मा बढुवा गरेको छ। सरकारले प्रदेशमा एआईजीको नेतृत्वमा प्रहरी परिचालन गर्ने भन्दै संख्या बढाएको हो। बिहीबारको मन्त्रिपरिषद् बैठकले डीआईजीहरु बमबहादुर भण्डारी, जयबहादुर चन्द, देबेन्द्र सुवेदी, पशुपति उपाध्यक्ष, केशरीराज घिमिरे, माधवप्रसाद जोशी, विजयलाल कायस्थ, कमलसिंह बम, मिङमार लामा, रणबहादुर चन्द र विजयकुमार भट्टलाई एआईजीमा बढुवा गरेको छ।

सरकारले प्रहरीमा एआईजीको संख्या बढाएको यो पहिलो पटक होइन। प्रहरीमा एआईजीको संख्या सुरुमा तीन मात्र थियो। क्रमश संख्या बढ्दै पाँच, सात, नौ हुँदै १३ पुगेको इतिहास छ।

सर्वोच्चको आदेशपछि एआईजी भएका यादव अधिकारी, परशुराम खत्री, विश्वराज शाही र सुशीलबरसिंह थापाले सात महिनापछि मात्र प्रहरी प्रधान कार्यालयमा प्रवेश पाएका थिए। त्यसअघि उनीहरु गृहमन्त्रालयमा हाजिर गरेर बसेका थिए। सरकारले यस पटक समेत भागबन्डा मिलाउन १३ एआईजी बनाउने विषयमा छलफल गरेको भए पनि त्यो विषयमा सहमती हुन नसक्दा ११ एआईजी भएका छन्। ११ जना एआईजीले फुली लगाउने निश्चित भए पनि उनीहरुको जिम्मेवारी भने तोकिएको छैन। यसले भने प्रहरी संगठनमा फेरि प्रशासन सञ्चालनका विषयमा तानातान हुने देखिन्छ।

# फेरि भारतलाई चीनको चेतावनी



काठमाडौं। दोक्लाम प्रकरणमा चीन र भारतबीच शीतयुद्ध जारी छ। चीनले पन्ध्र पृष्ठ लामो विज्ञप्ति जारी गर्दै विनासर्त दोक्लामबाट भारतलाई आफ्नो सेना फिर्ता गर्न आग्रह गरेको छ। चीन र भुटानबीचको विवादित क्षेत्र दोक्लाममा चिनियाँ पक्षले सडक निर्माण गरिरहेका बेला भारतीय सेना गएर अवरोध पुऱ्याएपछि चीन र भारतबीच तनाव बढेको हो। चीनले यसअघि पटक पटक दुई देशबीचको सीमा समस्या समाधान गर्न दोक्लामबाट भारतीय सेना फर्किनुपर्ने बताउँदै आएको छ।

चीनले दोक्लाममा भारतीय सेना पुगेदेखि हालसम्मका गतिविधिसहितको विज्ञप्ति जारी गरेर भुटानको बहाना बनाएर भारतले चिनियाँ भूमिमाथि दाबी गरेको आरोप लगाएको छ। चीन भारत र भुटानबीचको त्रिदेशीय सीमा क्षेत्र दोक्लाममा निर्माणाधीन सडकले भारतलाई सुरक्षा चुनौती थप्ने भनाइको पनि चीनले प्रतिवाद गरेको छ। सुरक्षा चिन्ताका नाममा छिमेकी देशको सीमाभित्र घुसेर कुनै पनि गतिविधि गर्नुले अन्तर्राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय सम्बन्ध परिचालित गर्ने आधारभूत मान्यताहरुको उल्लंघन गरेको छ।

चीनले केही दिनअघि भारतीय सुरक्षा सल्लाहकार अजित कोभालको चीन भ्रमणका क्रममा दोक्लाम विवादभन्दा पनि ब्रिटिस सहयोग र दुई देशबीचको सम्बन्धबारे मात्रै कुराकानी भएको जनाएको छ। चीनले भारतलाई चीनको सम्प्रभूता, अन्तर्राष्ट्रिय कानुन र छिमेकीसँगको आधारभूत नियमको पालना गर्न समेत आग्रह गरेको छ। दोक्लाममा भारतीय सेनाहरु टेन्ट नै टाँगेर महिना दिन अघिदेखि बसिरहेका छन्। चीन र भुटानबीचको दोक्लाम विवादमा तेस्रो पक्ष भारत पसेर चीनसँग निहुँ खोजिरहेको छ। नेपालको संसदमा पनि भारतीय दादागिरीका विरुद्धमा जोडदार रुपमा आवाज उठेको छ। सांसद अनुराधा थापाले भारतको हैकमवादको खुलेर विरोध गर्दै भारतले चीन भुटान सीमा क्षेत्रमा समेत प्रवेश गरेर दादागिरी देखाइरहेको बताइन्।

SOS MANPOWER SERVICE (P) LTD.

www.sosmanpower.org

विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्

ISO 9001 JAS-ANZ

Handphone : 9851024628

G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np